# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४१ काठमाडौं | आइतबार, १७ पुस २०७९ | Prabhab National Daily | Sunday, January 1, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कम्बोडियामा निराकारको मृत्यु

## शोकाकुल बन्यो विर्तामोड

■ चन्द्रकला भण्डारी

**झापा–** कम्बोडियास्थित ग्राण्ड डायमण्ड सिटी होटल एण्ड क्यासिनोमा शुक्रबार भएको भीषण आगलागीमा मृत्यु भएका झापाको विर्तामोड नगरपालिका-१ का ४० वर्षीय निराकार पाण्डेको बेलैमा उद्धार नहुँदा मृत्युवरण गर्नुपरेको परिवारले गुनासो गरेका छन् ।

पारिवारिक स्रोतका अनुसार गत कात्तिक २१ गते निराकार घुमफिरका लागि थाइल्याण्ड गएका थिए । उनी केही दिनमै नेपाल फर्किने तयारी थियो । यही पुस १५ गते बिहान आगलागी भइरहेको होटलको १२औं तलाको आफू बस्ने कोठाको झ्यालबाट ज्यान बचाउन हामफाल्दा मृत्यु भएको थियो ।



विर्तामोडका ४० वर्षीय निराकार पाण्डेको यही पुस १५ गते बिहान आगलागी भइरहेको होटलको १२औं तलाबाट ज्यान बचाउन हामफाल्दा मृत्यु भएको थियो । बेलैमा उद्धार नहुँदा मृत्युवरण गर्नुपरेको परिवारको गुनासो ।

तीन महिनाअघि पर्यटक प्रवेशाज्ञामा थाइल्याण्ड गएका उनी घुमफिरकै क्रममा कम्बोडियाको सीमावर्ती सहर पोइपेट पुगेका थिए । शुक्रबार राति उनी बसेको होटलमा भीषण आगलागी भएको थियो । मृतकका बुबा एवं विर्तामोड-१ का वडाध्यक्ष अग्नि पाण्डेले होटलको १२औं तलाको कोठामा बास बसेको बेला दुःखद घटना भएको बताए । बेलैमा उद्धार नहुँदा छोराले मृत्युवरण गर्नुपरेको उनले गुनासो गरे । बिहीबार राति साढे ११ बजेतिर होटलमा आगलागी सुरु भएको र शुक्रबार बिहान साढे ४ बजेपछि छोरासँग सम्पर्क विच्छेद भएको उनले जानकारी दिए ।

थाइल्याण्डको राजधानी बैंककस्थित नेपाली दूतावासले मृतकको शवको तस्बिर नेपालस्थित मृतकका आफन्तलाई पठाएर शवको सनाखत गरिसकेको छ । हाल कम्बोडियामै रहेको शवलाई नेपाल ल्याउनका लागि परराष्ट्र मन्त्रालय र बैंककस्थित नेपाली दूतावासमार्फत कूटनीतिक पहल भइरहेको मृतकका बुबा अग्निले जानकारी दिए ।

आगलागी सुरु भइसकेपछि करिब चार घण्टाको अवधिमा उनले आफू आगलागीका कारण अप्ठ्यारोमा फसेको भन्दै काठमाडौंस्थित आमा र झापास्थित बुबालाई समेत भिडियो फोन गरेर बाँच्नका लागि १२ औं तलामाथिको झ्यालबाट हाम फाल्नुपर्ने अवस्थामा पुगेको जानकारी दिएका थिए । परिवारले उनलाई उद्धारको पर्खाइमा धैर्य गर्न बारम्बार सुझाव दिएको उनका भाइ निश्चल पाण्डेले बताए ।

घटनामा उद्धारको प्रयास नभएपछि बाँच्नका लागि हामफाल्दा निराकारको ज्यान गएको पाण्डेले बताए । घटना भएका बेला मृतकका बुबा अग्नि र साइलो भाइ झापाको विर्तामोडस्थित निवासमा थिए भने आमा र कान्छो भाइ काठमाडौंस्थित निवासमा थिए । 'बास बसेको होटलमा आगलागी भयो, धुवाँ फैलिँदै गइरहेको छ भन्दै भिडियो कल गरेको थियो,' मृतकका बुबा अग्निले शुक्रबार रातिको अवस्थाबारे जानकारी दिँदै भने, 'राति करिब चार घण्टासम्म फोन र भिडियोमा सम्पर्क (**बाँकी पृष्ठ २ मा**)

# सत्ता गुमेपछि 'किचलो'

● सत्ता गुम्नुको दोष जति देउवालाई ● विशेष महाधिवेशन र देउवाको राजीनामा माग



के कसैलाई कुण्ठा पोख्न विशेष महाधिवेशन चाहियो ? किन हुन्छ विशेष महाधिवेशन ? अहिले बोलाउनुपर्ने औचित्य के छ ? कम्तीमा बालापन देखाउनु भएन नेताले । परिपक्वता त देखिनुपर्‍यो ।

■ **भीष्मराज आङ्देम्बे**
सहमहामन्त्री

ooo

पहिलो, आग्रह र पूर्वाग्रहमुक्त भएर संयमतापूर्वक समग्र घटनाक्रम र त्यसबाट उत्पन्न परिस्थितिको इमानदार समीक्षा गर्ने र दोस्रो यसबीचमा हाम्रो असावधानी, कमजोरी र गल्ती जो भएको छ, त्यसलाई कुनै ढाकछोप नगरी स्वीकार्दै खुला र पारदर्शी छलफलमार्फत कारण र कारकको प्रस्ट पहिचान गरेर अबको मार्गचित्र तय गर्ने ।

■ **गगन थापा र विश्वप्रकाश शर्मा**
महामन्त्रीद्वय

■ जेबी योञ्जन

**काठमाडौं–** गठबन्धन जोगाउन नसकेपछि सत्ता गुमाएको नेपाली कांग्रेसमा मतभेद चुलिएको छ । नेता डा. शेखर कोइराला पक्षले पार्टी सभापति शेरबहादुर देउवाको अक्षमताले केन्द्रदेखि प्रदेशसम्मको सत्ता गुमाउनुपर्ने अवस्था आएको भन्दै आलोचना गरिरहेका छन् । यसको नैतिक जिम्मेवारी लिँदै देउवाले पदबाट राजीनामा दिनुपर्नेसम्मको माग कोइराला पक्षको छ ।

चुनावबाट पहिलो दल बने पनि गठबन्धन जोगाउन नसकेकै कारण कांग्रेस प्रमुख प्रतिपक्षी दलको भूमिकामा पुगेको छ । यस्तो अवस्था आउनुका कारण र कारकबारे समीक्षा हुनुपर्ने माग कोइरालापक्षको छ । सभापति देउवाले शक्ति बाँडफाँटमा अलिकति पनि लचकता नअपनाउँदा 'राजनीतिक दुर्घटना' भएको टिप्पणी पनि हुँदै आएको छ । देउवाले १० पुसको मध्याह्न तत्कालीन सत्ता सहयात्री दलहरू नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई राष्ट्रपति र प्रधानमन्त्री पद दुवै कांग्रेसले राख्ने अड्डी कसेका थिए ।

देउवाको त्यही अड्डीका कारण दाहाल बिच्किए । नेपाल पनि असन्तुष्ट भए । गठबन्धन भत्काउन महिनौंदेखि प्रयासरत नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग दाहाल नजिकिए । अन्ततः ओली दाहाललाई प्रधानमन्त्री बनाउन सहमत भए । बहुमतभन्दा बढी सांसदहरूको समर्थन पनि जुटाइदिए । दाहाल प्रधानमन्त्रीमा नियुक्त भए । देउवा र उनी नेतृत्वको कांग्रेस हेरेकोहेर्‍यै भयो ।

यसपछि कांग्रेसमा असन्तुष्टि बढेको हो । राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसर पारेर शनिबार विज्ञप्ति जारी गर्दै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पार्टीले इमानदारपूर्वक समीक्षा गर्नुपर्ने बताएका छन् । ' आग्रह र पूर्वाग्रहमुक्त भएर संयमतापूर्वक समग्र घटनाक्रम र त्यसबाट उत्पन्न परिस्थितिको इमानदार समीक्षा गर्ने,' विज्ञप्तिमा भनिएको छ ।

सभापति देउवाले निर्णय प्रक्रियामै सहभागी नगराएको भन्दै उनीहरूले असन्तुष्टि पोख्दै आएका छन्, जसको खुला र पारदर्शी छलफल गरेर स्पष्ट मार्गचित्रसहित अघि बढ्नुपर्ने उनीहरूको जोड छ । विज्ञप्तिमा भनिएको छ, 'यसबीचमा हाम्रो असावधानी, कमजोरी र गल्ती जो भएको छ, त्यसलाई कुनै ढाकछोप नगरी स्वीकार्दै खुला र पारदर्शी छलफलमार्फत कारण र कारकको प्रस्ट पहिचान गरेर अबको मार्गचित्र तय गर्ने ।'

बुधबार बसेको कोइराला समूहको बैठकले देउवाकै सत्ता लिप्साले सत्ता गुमेको निष्कर्ष निकालेको थियो । उक्त बैठकपछि सहमहामन्त्री बद्री पाण्डेले पार्टीलाई गम्भीर राजनीतिक दुर्घटनामा देउवाले पारेको र विशेष महाधिवेशन बोलाउन माग गर्नेबारे छलफल भएको बताएका थिए ।

तर, देउवा पक्षका सहमहामन्त्री भीष्मराज आङ्देम्बेले विशेष महाधिवेशनको माग उठाएर 'बालापन' र 'राजनीतिक अपरिपक्वता' प्रदर्शन गरिरहेको बताए । 'के कसैलाई कुण्ठा पोख्न विशेष महाधिवेशन चाहियो ? किन हुन्छ विशेष महाधिवेशन ? अहिले बोलाउनुपर्ने औचित्य (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# नयाँ वर्षसँगै बढ्यो कोरियामा कामदारको पारिश्रमिक

■ प्रभाव संवाददाता

काठमाडौं- आजदेखि दक्षिण कोरियामा आप्रवासी कामदारको पारिश्रमिक बढ्ने भएको छ । यसबाट रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरिया पुगेका तथा अब जाने नेपालीहरू लाभान्वित हुने छन् ।

कोरियाली सरकारले सन् २०२३ सुरुआतबाट लागू हुनेगरी आप्रवासी कामदारको पारिश्रमिक वृद्धि गरेको हो, जुन आज जनवरी १ बाट सुरु हुने जनाइएको छ । पारिश्रमिक वृद्धिको खबरले कामदारहरूमा खुसियाली छाएको छ । यस वर्ष आप्रवासी कामदारको तलब अघिल्लो वर्षको तुलनामा पाँच प्रतिशतले वृद्धि गरिएको कोरिया सरकारको मानव संशाधन विभाग (एचआरडी)ले जनाएको छ । अब कामदारले मासिक न्यूनतम तलब २० लाख १० हजार ५०० कोरियन वन अर्थात् दुई लाख नेपाली रूपैयाँ पाउने छन् ।

तलब वृद्धिसँगै कामदारले ओभरटाइम (अतिरिक्त समय) र राति काम गर्दा सोहीअनुरूप ज्याला बढ्नेछ । तर, पाँचजनाभन्दा कम कामदार रहेको कम्पनीमा भने यो नियम लागू नहुने एचआरडीले प्रस्ट पारेको छ । कोरियाली श्रम कानुनअनुसार पाँच जनाभन्दा कम कामदार भएका कम्पनीहरूले प्रतिघण्टा न्यूनतम ज्याला नौ हजार ६२० वनमै कामदारलाई काम लगाउने छुट रहेको बताइएको छ । पाँच जनाभन्दा धेरै कामदार भएका कम्पनीले एक घण्टा ओभरटाइम गरे १४ हजार ४३० वन अर्थात् एक हजार ४४० रूपैयाँ प्राप्त गर्ने छन् । त्यस्तै राति १० बजेदेखि बिहान छ बजेभित्र काम गरे १९ हजार २४० वन अर्थात् झण्डै दुई हजार रूपैयाँ पाउने छन् । हाल कोरियामा कृषि क्षेत्रमा काम गर्न जाने आप्रवासी कामदारहरूले वृद्धि भएको तलब नपाउने देखिएको छ । कृषि क्षेत्रमा प्रायः एउटा कम्पनीमा पाँच जनाभन्दा कम कामदार रहने गरेको जानकारहरू बताउँछन् । कम कामदार भएको कम्पनीमा काम गर्ने कामदारले ओभरटाइम गरे पनि थप पैसा पाउन सक्दैनन् ।



सन् २०२१ मा कोरिया सरकारले आप्रवासी कामदारको पारिश्रमिक १.५ प्रतिशतले बढाएको थियो । यस वर्षका लागि पाँच प्रतिशतले बढाइएको छ । पाँच जनाभन्दा कम भएका कम्पनीमा ओभरटाइम र रात्रिकालीन समय काम गर्ने कामदारलाई पनि समान ज्यालादर कायम हुनुपर्ने कोरियाली ट्रेड युनियनहरूले माग राख्दै आए पनि लागू हुन सकेको छैन । कोरियाली सरकारले भने थोरै कामदार राख्ने सानो पुँजी भएका कम्पनीलाई कोरियाली श्रम कानुन लगाए बन्द हुने र लाखौं मानिस प्रभावित हुने भन्दै कार्यान्वयनमा गएको छैन ।

कोरिया सरकारले गरेको तलब वृद्धिले इपिएसमार्फत कोरिया गएका झण्डै ४० हजार नेपालीले लाभ लिनसक्ने कोरियास्थित नेपाली दूतावासले जनाएको छ । कोरियाले नेपाल, कम्बोडिया, भियतनाम, इण्डोनेसियालगायतका मुलुकबाट इपिएस प्रणालीमार्फत कामदार लैजाने गरेको छ । गएको वर्ष (सन् २०२२) मा कोरियाले तोकिएको भन्दा दोब्बर अर्थात् १५ हजारभन्दा बढी नेपाली कामदार लैजाने निर्णय गरेको थियो । नेपाल सरकारले जिटुजी सम्झौता गरेर सन् २००८ देखि नेपाली कामदार कोरिया पठाउन थालेको हो ।


पछिल्लो समय कोरियामा इपिएस प्रणालीमा गएका कामदारले मात्रै श्रमबजारको माग धान्न नसकेपछि मौसमी कामदारको पनि उल्लेख्य माग बढ्न थालेको छ । कोरियालगायतका मुलुकबाट मौसमी कामदारको माग आएको भन्दै उनीहरूलाई कानुनी तवरबाटै रोजगारीमा जान दिनेगरी नेपाल सरकारले निर्देशिका जारी गर्न लागेको छ । इपिएस प्रणालीमार्फत कोरिया जाने कामदार प्रभावित नहुनेगरी निर्देशिका तयार भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

निर्देशिकामा स्थानीय तहमार्फत मौसमी कामदारलाई कानुनीरूपमै तीन महिनादेखि अधिकतम एक वर्षसम्मको श्रम स्वीकृति दिएर कोरिया पठाउन सकिने उल्लेख गरिएको छ । साथै, मौसमी कामदारलाई 'फ्रि भिसा, फ्रि टिकट' उपलब्ध हुने र अन्य शुल्क तिर्नु नपर्ने मन्त्रालयले जनाएको छ ।



# जग्गाको समस्याले अस्पताल निर्माण योजना प्रभावित

■ शरद शर्मा




**काठमाडौं–** सरकारले आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहसम्म पुऱ्याउनका लागि सुरु गरेको अभियानमा १२४ स्थानीय तह सहभागी भएका छैनन् । ती १२४ स्थानीय तहको आफ्नै जग्गा नभएर र जग्गा विवादका कारणले आधारभूत तहका अस्पताल निर्माणको प्रक्रिया नै अगाडि बढाउन नसकिएको हो । सरकारले प्रत्येक स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवासहित एक अस्पताल निर्माण गरिरहेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आधारभूत अस्पताल एकाइका जनस्वास्थ्य निरीक्षक सुरत खड्काले पहिलो चरणका ४९ र दोस्रो चरणका ७५ स्थानीय तहमा अस्पताल बनाउने प्रक्रिया अगाडि बढ्न नसकेको बताए ।

सरकारले बहुवर्षीय योजनाअन्तर्गत पहिलो चरणमा २०७७/७८ मा ३९६ स्थानीय तह र दोस्रो चरण २०७८/०७९ मा २५९ स्थानीय तह गरी कूल ६५५ स्थानीय तहमा पाँच, १० र १५ शैयचाका अस्पताल निर्माण सुरु गरेको हो । पहिलो चरणका १०० स्थानीय तहमा भने यसै आर्थिक वर्षमा अस्पताल बनाइसक्ने मन्त्रालयले जनाएको छ ।

पहिलो चरणमा निर्माण सुरु गर्ने निर्णय गरेकामध्ये अझै ९६ अस्पतालले मन्त्रालयसँग ठेक्का सम्झौता नगरेको आधारभूत अस्पताल एकाइका जनस्वास्थ्य निरीक्षक खड्काले जानकारी दिए । उनका अनुसार ३९६ मध्ये ७४ स्थानीय तहले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नै बुझाएका छैनन् । जग्गा नभएर र कतै जग्गा विवादले स्थानीय तहले निर्माणको कामै सुरु गरेका छैनन् ।

सरकारले यस वर्ष आधारभूत अस्पताल निर्माणका लागि १० अर्ब रूपैयाँ बजेट विनियोजन गरेको छ । मन्त्रालयले बजेट स्थानीय तहमा पठाउने र स्थानीय तहले आफैं ती अस्पताल निर्माण गरिरहेका छन् । यस्तै ३२२ स्थानीय तहमा अस्पताल निर्माणका लागि बोलपत्र आह्वान भइसकेको छ भने तीन स्थानीय तहले मन्त्रालयसँग सम्झौता गरी अस्पताल निर्माणका लागि बजेट निकासा विभिन्न चरणमा भइरहेको छ ।

यस्तै आव २०७८/७९ मा सुरु गर्ने भनिएका २५९ स्थानीय तहमध्ये ८९ स्थानीय तहमा मात्र सम्झौता भई बजेट निकासा गरिएको एकाइका जनस्वास्थ्य निरीक्षक खड्काले जानकारी दिए । दोस्रो चरणको २५९ स्थानीय तहमध्ये १८४ स्थानीय तह अस्पताल निर्माणको प्रक्रियामा आएर डिपिआर बनाइसकेका छन् । सरकारले यस आर्थिक वर्षका ती अस्पताल निर्माणका लागि १० अर्ब रूपैयाँ बजेट विनियोजन गरेको छ । सरकारले स्थानीय तहमा रहेका प्राथमिक स्वास्थ्य चौकीलाई नै स्तरोन्नति गरेर पाँच, १० र १५ शैयचाका आधारभूत अस्पताल बनाउने निर्णय गरेको थियो ।

सरकारले पहिलो चरणका ३९६ स्थानीय तहमा बन्ने अस्पतालमा डिपिआरका लागि सुरुमा पाँच, १० र १५ शैयचाका लागि क्रमशः ७० लाख, ८५ लाख र एक करोड रूपैयाँ पठाएको थियो । केही स्थानीय तहले डिपिआरका लागि खर्च गर्न नसकेपछि दोस्रो चरणमा बन्ने २५९ अस्पताललाई भने आफ्नै खर्चमा डिपिआर बनाउन भनेको थियो ।

सरकारले पाँच शचयाका लागि सात करोड ११ लाख रूपैयाँ, १० शचयाका लागि १० करोड ८६ लाख र १५ शचयाका लागि १८ करोड छ लाख रूपैयाँ विनियोजन गरेको छ । यस्तै पाँच शचयामा एक चिकित्सकसहित १८ कर्मचारी, १० शचयाका लागि दुई चिकित्सकसहित २२ कर्मचारी र १५ शचयाका लागि ३२ कर्मचारीसहित तीन चिकित्सक राख्ने सरकारको तयारी छ । *रासस*

# 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा चुनौतीपूर्ण वर्ष'

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा सन् २०२२ निकै नै चुनौतीपूर्ण वर्ष बनेको बताएको छ । अंग्रेजी नयाँ वर्ष २०२३ को सन्दर्भमा शनिबार एक विज्ञप्ति जारी गर्दै महासंघले उक्त जानकारी दिएको हो ।

'नयाँ प्रविधि र शैलीको विकाससँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धका घटनामा पनि नयाँ नयाँ तरिका अपनाइएको पाइएको छ,' महासंघले भनेको छ, 'प्रकाशित तथा प्रसारित समाचारमा असहमति राख्ने व्यक्ति वा समूहले सञ्चार संस्था र पत्रकारमाथि नयाँ-नयाँ तरिका अपनाएर आक्रमण गरेका पाइएको छ । यसले नेपालको पत्रकारिता क्षेत्रमा नयाँ चुनौती भित्रिएको छ ।'

अघिल्लो वर्षमा भन्दा फरक गत वर्ष (सन् २०२२) डिजिटल माध्यमबाट सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण भएको महासंघले उल्लेख गरेको छ । 'अनलाइन सञ्चारमाध्यमको सिएमएसमा अनधिकृत प्रवेश गर्ने, संगठितरूपमा अनफलो अभियान चलाउने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रकारका धम्की दिने, सामाजिक सञ्जाललाई बन्द गर्न प्रयास गर्ने र विमुख बनाउने तथा हचाक गर्ने काम भएको छ,' महासंघको विज्ञप्तिमा उल्लेख छ ।

महासंघको प्रेस स्वतन्त्रता अनुगमन शाखाको अभिलेखअनुसार सन् २०२२ मा प्रेस स्वतन्त्रता हनन्का ५३ वटा घटना घटेका छन् । जसमा १३२ जना पुरुष र १८ जना महिला पत्रकारसहित छ वटा सञ्चार संस्था प्रभावित भएका महासंघले उल्लेख गरेको छ । महासंघका अनुसार यसअघि सन् २०२१ मा प्रेस स्वतन्त्रता हनन्का ६२ वटा घटना अभिलेख भएका थिए । ६२ वटा घटनामा १९० जना पत्रकार तथा चार सञ्चारमाध्यम प्रभावित भएका थिए ।

'सरकारले ल्याएका र ल्याउन प्रयास गरिएका सञ्चार कानुन सुधारमा महासंघको निरन्तर खबरदारी हुँदा पनि पाँच वर्षे प्रतिनिधिसभाको कार्यकाल सकिएको छ । सन् २०२२ मा संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्ताविरुद्धका कानुन ल्याइएको छ,' महासंघको विज्ञप्तिमा भनिएको छ, 'संघ, प्रदेश र स्थानीय सरकारले ल्याएका सञ्चारसम्बद्ध विचाराधीन कानुन प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध रहेका छन् ।' त्यस्ता कानुनले नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्थालाईसमेत चुनौती थपिदिएको महासंघले जनाएको छ ।

## सत्ता गुमेपछि...

पृष्ठ १ बाट जारी

केही छ ?,' उनले प्रभावसँग भने, 'कम्तीमा बालापन देखाउनु भएन । परिपक्वता त देखिनुपऱ्यो नि ।'

सत्ता गुमेपछि आरोप-प्रत्यारोप चलिरहँदा पार्टी केन्द्रीय समिति बैठक बस्दै छ । २२ पुसको दिउँसो १ बजे बैठक पार्टी केन्द्रीय कार्यालय सानेपामा बस्ने भएको हो । बैठकले चार मंसिरको चुनाव, संसद्मा प्रमुख दल भए पनि सत्ता विमुख हुनुपर्ने कारण र संसद्मा प्रमुख विपक्षी दलको भूमिका कसरी निर्वाह गर्नेबारे छलफल गर्ने हुने कोइरालानिकट एक जना पदाधिकारीले बताए ।

तर, पार्टी केन्द्रीय कार्यालयले भने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको समीक्षा र समसामयिक राजनीतिक विषयमा बैठकमा छलफल हुने जनाएको छ ।

कांग्रेस संसद्मा ८९ सिटसहित पहिलो दल हो । मनाङबाट निर्वाचित सांसद टेकबहादुर गुरुङ भने निलम्बनमा परेका छन् । सातमध्ये अधिकांश प्रदेशमा पनि कांग्रेस पहिलो दल छ । गठबन्धन टुटेपछि भने कांग्रेस कुनै प्रदेशमा सरकार गठन गर्ने अवस्थामा छैन । संघदेखि सबै प्रदेशमा वाम गठबन्धन नेतृत्वको गठबन्धनले सरकार बनाउने अवस्था छ ।

सत्ताबाट मात्र कांग्रेस अलग हुँदैन, राजकीय जिम्मेवारीहरूबाट पनि विमुख हुँदै छ । प्रधानमन्त्री माओवादी अध्यक्ष दाहालले पाउँदा राष्ट्रपति एमालेको भागमा परेको छ । उपराष्ट्रपति माओवादीले लिने भन्ने सत्तारूढ गठबन्धन दलहरूबीच सहमति भएको छ । प्रतिनिधिसभाका सभामुख एमालेले र उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टीलाई पर्ने सम्भावना रहेको छ । यद्यपि, जनता समाजवादी पार्टी (जसपा)ले पनि उपराष्ट्रपतिमा दाबी गरिरहेको छ ।

गठबन्धनमा सहभागी अन्य दलहरूलाई राजकीय के-के पद भागबण्डामा पर्छ भन्ने निश्चित भइसकेको छैन । तर, कांग्रेस भने पहिलो दल भएर पनि हेरेकोहेऱ्यै भएको हो । त्यही भएर कांग्रेसमा आन्तरिक किचलो बढेको हो ।

देउवा छैटौंपटक प्रधानमन्त्री बन्न चाहन्थे । जबकि, चुनावपछि भने प्रधानमन्त्री दाहाल हुने देउवा-दाहालबीच भद्र सहमति भएको विवरण सार्वजनिक भएको थियो । पहिलो दल बनेपछि भने देउवाले प्रधानमन्त्री पद दाहाललाई छाड्न अस्वीकार गरे ।

अर्कातिर उनका वरिष्ठ नेता रामचन्द्र पौडेल राष्ट्रपति बन्न बल गरिरहेका थिए । नेता डा. कोइरालाले पनि राष्ट्रपति बन्ने भन्दै देउवामाथि दबाब बढाएका थिए । यसरी पौडेल र कोइरालामध्ये एक जनालाई राष्ट्रपति बनाउनेगरी र आफू प्रधानमन्त्री हुने अडानबाट देउवा पछि हटेनन्, जसकारण दाहालले गठबन्धन तोडे ।

## शोकाकुल बन्यो...

पृष्ठ १ बाट जारी

भइरहेको थियो, हामीले उद्धार गरेर बचाउन आउँछन्, धैर्य गर छोरा भनेर ढाडस दिइरहचौं । तर, साढे ४ बजेदेखि फोन सम्पर्क टुटचो ।'

कम्बोडियामा रहेका नेपाली र बैंककस्थित दूतावासका अधिकारीहरूले आगलागीबाट बाँच्नका लागि होटलको १२ तलाबाट हामफाल्दा चोटपटक लागेर मृत्यु भएको जानकारी दिएको उनले बताए ।

### शोकाकुल बन्यो विर्तामोड

युवा व्यवसायी निराकारको कम्बोडियामा आफू बसेको होटलमा भएको आगलागीबाट ज्यान जोगाउन हामफल्दा मृत्यु भएको खबर फैलिएपछि विर्तामोड शोकाकुल बनेको छ । स्थानीयवासी मृतकको घरमा भेला भएका छन् । झापामा रहेका मृतकका बुबा अग्नि घटना सुनेलगत्तै काठमाडौं गएका छन् । काठमाडौंमा मृतककी आमा र अरू भाइहरू रहेका छन् ।

झापाको घरमा रहेका मृतकका साइला भाइ निश्चलले कम्बोडियाको पर्यटकीय क्षेत्रमा समेत विपत्का बेला उद्धारको भरपर्दो कुनै प्रबन्ध नभएकामा गहिरो खेद व्यक्त गरे । 'चार घण्टाभन्दा बढी अवधिसम्म दाजु निराकारले उद्धार पर्खिएर बस्नुभयो, कुनै आश बाँकी नरहेपछि बाँच्नका लागि १२औं तलाबाट हामफाल्नुपऱ्यो,' उनले भने, 'बेलैमा उद्धार हुन सकेको भए दाजु बाँच्नुहुन्थ्यो ।'

संगीतकार शिवशंकर थापाले अकल्पनीय घटनाले विर्तामोडबासी स्तब्ध भएको बताए । मृतक संगीतकार थापाका छिमेकी हुन् । 'सानैदेखि असल र मिहेनती स्वभावको हुनुहुन्थ्यो निराकार भाइ,' थापाले भने, 'भरपर्दो उद्धारको व्यवस्थासमेत देखिएन, मृतकले झचालमा बसेर बोलेको भिडियोले संसारभरिका नेपालीलाई स्तब्ध बनाएको छ ।' रासस

# पार्टीलाई नयाँ शिराबाट अगाडि बढाऔं : *अध्यक्ष नेपाल*

**काठमाडौं (प्रस)–** नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले पार्टीको शक्ति सुदृढीकरणका लागि सशक्त एजेण्डाका साथ देशव्यापी अभियान अगाााडि बढाउन नेताहरूलाई निर्देशन दिएका छन् । शनिबार बसेको पार्टी स्थायी समितिको बैठकमा उनले उक्त निर्देशन दिएका हुन् ।

अध्यक्ष नेपालले पार्टीलाई नयाँ शिराबाट अगाडि बढाउने विषयमा गम्भीरतापूर्वक विचार राख्न नेताहरूलाई आग्रह गरे । बैठकको प्रारम्भमा उनले पछिल्लोपटक विकास भएको राजनीतिक घटनाक्रममा पार्टीले निर्वाह गर्ने भूमिकाबारे धारणा राखेका थिए ।

पार्टीका सम्मानित नेता झलनाथ खनालले क्रान्तिकारी पार्टी निर्माणका लागि आवश्यक पर्ने वैचारिक र राजनीतिक हतियारलाई चुस्त, दुरुस्त पार्नुपर्नेमा जोड दिए । पार्टी सञ्चालनमा समग्र विषयको बृहत् छलफल गर्नुपर्ने उनको भनाइ थियो ।

महासचिव बेदुराम भुसालले संगठन निर्माण र पुनःताजगीका लागि प्रस्ताव पेस गरे । पार्टीले पछिल्लो समय जनवर्गीय संगठनका साथै प्रवासमा रहेका पार्टी निकट संगठन, शुभेच्छुकसँग सुझाव लिएको छ ।

बैठकमा १८ जना नेताले आफ्नो धारणा राखेका थिए । वर्तमान सरकारलाई हेर्ने दृष्टिकोण, आगामी दिनका लागि रणनीति तथा संगठन निर्माणका कार्ययोजना, वामपन्थी एकतासँग सम्बन्धित विषयमा विभिन्न कोणबाट छलफल गरिएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । शनिबारको बैठकमा नेकपा एमालेसँग एकता गर्ने विषयमा नेताहरूबीच मत भिन्नता देखिएको उनले बताए ।

केहीले निर्वाचनमा जनताले प्रदान गरेको अभिमतबाट आफ्नो पार्टी प्रतिपक्षमा बसेर ढिलासुस्ती, भ्रष्टाचार, सामाजिक विकृतिका विरुद्ध क्रियाशील हुनुपर्ने, निर्वाचनमा पार्टीले उल्लेख्य सफलता कायम गर्ने अपेक्षा गरिएकामा कम उपलब्धि हासिल भएकाले केहीले सरकारमा सहभागी भएर पनि जनताको सेवा गर्दै संगठन सुदृढीकरणमा लाग्नुपर्नेजस्ता सुझाव दिएका छन् । शनिबारको बैठक आज आइतबार पुनः बस्नेगरी स्थगित भएको थियो ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस १७ गते, आइतबार
पुष शुक्ल दशमी

| | |
|---|---|
| **मेष** | मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । |
| **वृष** | आज पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । |
| **मिथुन** | अकस्मात् धन सम्पत्ति हात पर्नेछ । |
| **कर्कट** | व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **सिंह** | प्रतिकूल समयले घेरेको छ, संयम रहनु होला । |
| **कन्या** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **तुला** | कलाकारिता र साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ । |
| **वृश्चिक** | कुनै समाचारले मनमा शान्ति छाउनेछ । |
| **धनु** | झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । |
| **मकर** | मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **कुम्भ** | ठूला व्यक्तिले तपाइँका मेहनतको प्रशंसा गर्नेछन् । |
| **मीन** | नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस १७ गते, २०७९, १ जनवरी, २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**चउरमा परीक्षा** | बझाङको खप्तडछान्ना गाउँपालिका–७ महेश्वरी माविका विद्यार्थीहरू परीक्षा दिँदै । यस विद्यालयमा बझाङ र बाजुराका ८०० भन्दा बढी विद्यार्थी अध्ययन गरिरहेका छन् । *तस्बिरः भूमिराज पिठातोली/रासस*

# 'विकास र सुशासनका निम्ति समर्पित हुन्छु'



**चितवन-** प्रधानमन्त्री पुष्पकमल दाहालले आफूले हरेक दिन सुशासन र विकासको पक्षमा काम गर्दै जाने बताएका छन् । नारायणी नमूना मावि भरतपुरको हीरक महोत्सवलाई शनिबार यहाँ सम्बोधन गर्दै उनले नेपाल र नेपाली जनताको आवश्यकतालाई सम्बोधन गर्दै जाने प्रतिबद्धता लिएको बताएका हुन् ।

प्रधानमन्त्री दाहालले भने, 'मैले बाँकी जीवन विकास र सुशासनका निम्ति समर्पित गर्ने भनेर भनेको छु ।' आफू अहिले धेरै भाषण गर्ने मनस्थितिमा नरहेको उल्लेख गर्दै उनले भने, 'यो कार्यकालमा मैले भाषण कम, काम धेरै र जनताको सेवा धेरै गरेर प्रस्तुत हुने प्रतिज्ञा गरेको छु ।' अर्थतन्त्रमा देखिएको समस्यालाई पार लगाउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सुशासन, भ्रष्टाचार नियन्त्रण र बेथिति नियन्त्रण गर्नुपर्ने अवश्यकता रहेको बताए ।

उनले भने, 'जनताले विभिन्न क्षेत्रमा पाइराखेका सास्तीलाई नियन्त्रण गर्ने, त्यो सास्तीबाट मुक्त हुने आवश्यकतालाई इंगित गरेर मैले निर्णय गरेको छु ।' जनताका पिर मर्कालाई सम्बोधन गर्न कुनै पनि निर्णयमाथि कठोर कदम चलाएर राष्ट्रको पक्षमा नै जाने संकल्प लिएको प्रधानमन्त्री दाहालको भनाइ थियो । राजधानीबाहिर पहिलो कार्यक्रम शिक्षा क्षेत्रको भएको जिकिर गर्दै उनले भने, 'यस मञ्चबाट देशभरिका आमनेपाली जनतालाई सुशासन र समृद्धिको नयाँ युगको सूत्रपात गर्न हामी एक जुट होऔं भनेर अपिल पनि गर्न चाहन्छु ।'

शिक्षाको गुणस्तरले नै राष्ट्र र समाजमा आमनागरिकको जीवनपद्धति निर्धारण गर्ने प्रधानमन्त्री दाहालको भनाइ थियो । कुनै पनि राष्ट्रको सभ्यता र संस्कृतिको, अनुशासन र विकासको आधारशिला भनेको शिक्षा नै भएको भन्दै उनले थपे, 'शिक्षाको गुणस्तरद्वारा नै एउटा अनुशासित र सत्य समाजको निर्माण गर्न सकिन्छ र विकासलाई पनि दिगोरूपमा अघि बढाउन सकिन्छ ।' युगको आवश्यकताअनुसार हामीले रूपान्तरित गर्दै लानुपर्ने उनको भनाइ थियो ।

स्वर्ण वर्षको कार्यक्रममा आफू उपस्थित भएको स्मरण गर्दै प्रधानमन्त्री दाहालले विद्यालयका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारलगायतका कुरामा आफ्नो ठाउँबाट सहयोग पुऱ्याउने बताए । कार्यक्रममा उनले विद्यालयमा विशिष्ट योगदान पुऱ्याउने विभिन्न व्यक्तिलाई सम्मान गरेका थिए । सोही अवसरमा हीरकद्वार, हीरक स्तम्भको अनावरण, निर्माण गर्न लागिएको भवनको शिलान्यास, हीरक स्मारिकाको विमोचनसमेत उनले गरे ।

कार्यक्रममा प्रधानाध्यापक पूर्णप्रसाद दवाडीले विद्यालयको प्रतिवेदन प्रस्तुत गरेका थिए । वि.सं. २०२० जेठ ६ गते चार विद्यार्थी लिएर रात्रिकालीन रूपमा पठनपाठन सुरु गरिएको यस विद्यालयमा हाल तीन हजार ५०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । हाल यहाँ कक्षा १ देखि १२ सम्म पढाइ हुँदै आएको छ । *रासस*

### कांग्रेस महामन्त्रीद्वयको प्रतिबद्धता

# 'गम्भीर आत्मसमीक्षा गर्दै अबको मार्गचित्र तय गर्छौं'

■ प्रभाव संवाददाता



**काठमाडौं-** नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले मुलुकको पछिल्लो राजनीतिक परिस्थितिमा आग्रह र पूर्वाग्रहमुक्त भएर संयमतापूर्वक समग्र घटनाक्रम तथा त्यसबाट उत्पन्न परिस्थितिको इमानदार समीक्षा गर्ने बताएका छन् । पार्टीबाट भएका असावधानी, कमजोरी र गल्तीको कुनै ढाकछोप नगरी खुला र पारदर्शी छलफलमार्फत कारण र कारकको प्रस्ट पहिचान गरेर अबको मार्गचित्र तय गर्ने उनीहरूले उल्लेख गरे ।

राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा शनिबार महामन्त्रीद्वय थापा र शर्माले संयुक्त विज्ञप्तिमार्फत कांग्रेसले गम्भीर आत्मसमीक्षा र आत्ममूल्यांकन गर्दै सुविचारित ढंगबाट अबको बाटो तय गर्ने उल्लेख गरेका छन् । वि.सं. २०३३ मा यसै दिन 'राष्ट्रिय एकता तथा मेलमिलाप' को नीति लिएर जननायक बिपी कोइराला निर्वासनबाट स्वदेश फर्किएका थिए । त्यसबेला सबै मिलेर हाम्रो देशको लोकतन्त्र, शान्ति र समुन्नतिमा योगदान दिन उनले गरेका आह्वान आज पनि उत्तिकै सान्दर्भिक छ ।

गत मंसिर ४ मा सम्पन्न निर्वाचनपश्चात् मुलुकमा भिन्न राजनीतिक परिस्थिति निर्माण भएको छ । प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल भएर पनि कांग्रेस प्रतिपक्ष बन्न पुगेको छ । 'नेपाली जनताको मतबाट हामी पहिलो दलका रूपमा विजयी भएकै हौं । तर, गठबन्धनको सरकार बनाउन पर्याप्त गृहकार्य र सावधानी पुऱ्याउन नसक्दा केबल सत्ताको राजनीतिमा यो पटक पछि परेका मात्रै हौं । हामी उच्च नैतिक बलका साथ दाबी गर्न सक्छौं कि निर्वाचनका बेला एउटा गठबन्धन र एउटा वाचाबन्धन गरेर जाने, तर निर्वाचनपछि अर्कै बाटो हिँड्ने बेइमानी कम्तीमा हामीबाट भएन,' विज्ञप्तिमा उल्लेख छ ।

कांग्रेसले वर्तमान सरकारलाई गुण र दोषका आधारमा मूल्यांकन गर्ने, जनताप्रति जवाफदेही बनाउन जिम्मेवार प्रतिपक्षका रूपमा सशक्त भूमिका निर्वाह गर्ने तथा राष्ट्रिय राजनीति र जनचासोका विषयमा नेतृत्वदायी अग्रसरता लिने महामन्त्रीद्वय थापा र शर्माको भनाइ छ । कांग्रेसले आफ्नो गौरवशाली इतिहासमा यस्ता अनेकौं चुनौती र अप्ठ्यारा मोड सामना गरेको तर हर चुनौतीलाई चिरेर दृढतापूर्वक अघि बढेको छ र देशलाई सफलतापूर्वक निकास दिएको छ । त्यसैले अहिलेको परिस्थितिलाई पनि संकटका रूपमा लिएर हतास हुने छुट आफूहरूलाई नभएको उल्लेख गर्दै उनीहरूले यसलाई पार्टीको शुद्धीकरण र पुनर्जागरणको नवीन अवसरमा बदल्ने जबर्जस्त तागत प्रस्तुत गर्ने बताएका छन् ।

पार्टीलाई अहिलेको अलमलबाट बाहिर निकाल्नैपर्ने र अहिलेको परिस्थितिलाई शक्तिमा बदलेर पार्टीलाई पुनर्जागृत गर्ने उद्घोषका साथ महामन्त्रीद्वय थापा र शर्माले त्यसका लागि अविलम्ब पार्टीको संरचना र संगठन गतिशील र चुस्त बनाउने बताएका छन् । विधानतः पार्टीमा बनाउनुपर्ने सबै संरचना र भ्रातृ तथा सुभेच्छुक संस्थाको विधिसम्मत पूर्णता दिने, पार्टीको केन्द्रदेखि टोल समितिसम्म जागरणका कार्यक्रम सञ्चालन गर्ने, विधानबमोजिम गर्नुपर्ने नीति महाधिवेशन गरी पार्टीको नीति योजना र कार्यक्रम तय गर्ने काम अविलम्ब गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

कार्यकर्ता पंक्तिमा आत्मविश्वास र आमजनताको भरोसालाई पुनःस्थापित गर्नेगरी पार्टीलाई दिशानिर्देश गर्न पार्टीमा आत्मसमीक्षा गरेर मात्रै नपुग्ने र त्यसलाई सच्याउँदै आफू बदलिने र देशको मुहार बदल्ने सपना र संकल्प पनि देखाउन सक्नुपर्ने दृढतासमेत उनीहरूले व्यक्त गरेका छन् । 'बदलिएको कांग्रेस र बलियो कांग्रेस'को स्पष्ट खाका निर्माण र अवलम्बन गर्न अब हरेकले फेरि एकचोटी जुर्मुराउनुपर्ने उल्लेख गर्दै महामन्त्रीद्वयले यस अवस्थामा पार्टीको केन्द्रदेखि टोलसम्म, भ्रातृसंस्थादेखि शुभेच्छुक संस्थासम्म, पेसागत बुद्धिजीवीदेखि श्रमिक र किसानसम्म, स्वदेशको गाउँदेखि परदेशको मरुभूमिसम्म जो जहाँ छौं, त्यहीँबाट संस्थागत या व्यक्तिगतरूपमा गर्नसक्ने योगदानका लागि थप उत्साह, एकता र रूपान्तरणको भावनासाथ अघि बढ्न हामी अपिल गरेका छन् ।

महामन्त्रीद्वय थापा र शर्माले 'राष्ट्रिय एकता र मेलमिलाप'को आधार हिजोको समयमा राष्ट्रियताको रक्षा र लोकतान्त्रिक प्रणाली रहेको उल्लेख गर्दै सन्तुलित बाह्य सम्बन्ध, सबल राष्ट्रियता, सुदृढ लोकतन्त्र र सुशासनको मार्गबाट नेपालको समुन्नति सम्भव छ भन्ने मान्यता आजको मेलमिलापको आधार र विश्वास भएको बताएका छन् । उक्त तथ्यमा आफूहरू प्रस्ट र दृढ रहेको तथा त्यो यात्रामा अविचलित ढंगले समर्पित रहने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

# वृद्धाश्रममा सेनाको सहयोग



महेन्द्रनगर (प्रस)- कञ्चनपुरको बेदकोट नगरपालिकामा रहेको वृद्धाश्रममा नेपाली सेनाले न्यानो लुगा र खाद्यसामग्री सहयोग गरेको छ । नेपाली सेना सैनिक श्रीमती संघ, श्री नं २५ बाहिनी अड्डा भगतपुर ब्यारेकले बेदकोट नगरपालिका-८ मा रहेको बैजनाथ ज्येष्ठ नागरिक सेवा केन्द्रमा आश्रित वृद्धवृद्धालाई न्यानो लुगा (मण्डी) का साथै खाद्यान्न (चामल, दाल, तरकारी, चिनी चियापत्तीलगायत) सामग्री उपलब्ध गराएको हो ।

वृद्धाश्रममा रहेको १९ जना वृद्धवृद्धालाई राहत तथा न्यानो लुगा वितरण गर्दै यहाँस्थित नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायकरथी पुरुषोत्तम ढकालले सेना र सैनिक श्रीमती संघबाट जनमुखी सामाजिक काम अवस्था र आवश्यकताअनुसार गर्दै आएको बताए ।

'वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकलाई चिसोबाट बच्न सहजता होस् भनेर सामग्री उपलब्ध गराइएको हो,' बाहिनीपति सहायकरथी ढकालले भने, 'जनतासित सधैं नेपाली सेना भन्ने भावना अभिवृद्धिका लागि पनि अभाव रहेका क्षेत्रमा सेनाले लामो समयदेखि सहयोग तथा सहकार्य रहँदै आएको छ ।'

नेपाली सेनाले वृद्धाश्रमका ज्येष्ठ नागरिकको सहजताका लागि आधुनिक दुई कोठे शौचालयसमेत यहाँ निर्माण गरिदिएको छ भने केही वर्षअघि सेनाको जनशक्ति र दाताको सामग्री सहयोगमा वृद्धाश्रमको चौतर्फी पर्खाल निर्माण गरिएको थियो । न्यानो लुगा तथा खाद्यान्न वितरण कार्यक्रममा बाहिनीपति ढकालसँगै यहाँस्थित श्रीदल गुल्मका गुल्मपति सेनानी सुमित श्रेष्ठ र वृद्धाश्रम सञ्चालक समितिका पदाधिकारी सहभागी थिए । सैनिक श्रीमती संघ पनि लामो समयदेखि प्रतिकूल मौसम तथा विभिन्न प्रकोपमा मुलुकका समस्याग्रस्त क्षेत्रमा योगदान पुऱ्याउँदै आएको नेपाली सेनाले जनाएको छ ।

त्यसैगरी पाँच दिनअघि नेपाली सेना सैनिक श्रीमती संघ, श्री नं २५ बाहिनी र श्रीदल गुल्मको समन्वय तथा सहकार्यमा यहाँको लालझाडी गाउँपालिकामासमेत ज्येष्ठ नागरिक, असहायक बालबालिका र अपांगता भएको व्यक्तिलाई सहयोग गर्नुका साथै निःशुल्क स्वास्थ्य शिविरसमेत आयोजना गरिएको थियो ।

# ज्येष्ठ नागरिकलाई स्वास्थ्य क्लिनिक

**चौतारा-** सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकाले सञ्चालन गरेको ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम प्रभावकारी भएको छ । पुस १२ गते कुबिण्डेबाट सुरु भएको उक्त शिविर सबै वडामा सञ्चालन हुने चौतारा साँगाचोक नगरपालिका स्वास्थ्य शाखा प्रमुख शिव पुरीले बताए ।

वडा नम्बर ४ कुबिण्डे, वडा नम्बर १ स्याउले र वडा नम्बर ११ भिमटारमा सम्पन्न निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा ५७२ जनाले सेवा लिएका छन् । आँखा परीक्षण ४४३ जनाको भएकोमा मोतियाबिन्दु भएका २९ बिरामी भेटिएका छन् । रक्त परीक्षण गरिएको ४२८ मा १० जनामा मधुमेह भेटियो । क्षयरोगको शंकास्पद पाँच जना देखिएका छन् ।

स्वस्थ रहनका लागि चेतना सबैभन्दा महत्त्वपूर्ण भएको हुँदा हरेक टोलमा पुगेर जनचेतनामूलक ज्येष्ठ नागरिकलाई स्वास्थ्य क्लिनिक सञ्चालन गरिने नगरप्रमुख कृष्णप्रसाद सापकोटाले जानकारी दिए । ज्येष्ठ नागरिकले उपचारका लागि सास्ती भोग्न थालेपछि टोल टोलमै गएर स्वास्थ्य परीक्षण गर्ने नगरपालिकाले नीति तथा कार्यक्रममा उल्लेख गर्दै २५ लाख रूपैयाँ रकम विनियोजन गरेको छ । आर्थिक अवस्थाले उपचार नै नपाएका, स्वास्थ्य संस्थामा पुग्ने अवस्था नभएका बिरामी पहिचान गर्दै विशेष कार्यक्रमसमेत ल्याउने नगरप्रमुख सापकोटाले बताए ।

नगर जनस्वास्थ्य अधिकृत दिनेश नेपालका अनुसार पहिलो चरणमा प्रत्येक वडामा शिविरमार्फत ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्दै रोग र समस्या पहिचान गर्ने गरेको छ । आवश्यकताअनुसार उनीहरूलाई निःशुल्क औषधिसमेत बाँडिने र अन्यत्र रेफर गर्ने नेपालले बताए ।

पहिला एक पटक आँखा जाँच गर्दा काठमाडौं जाने सल्लाह पाए पनि पैसा नभएर जान नसकेको अवस्थामा गाउँमै शिविर सञ्चालन भएपछि भिमटारकी ७० वर्षीया वृद्ध धनमाया माझीले खुसी व्यक्त गरिन् । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सुधारको वर्ष बनोस् २०२३

अंग्रेजी वर्ष २०२२ मा मुलुकको राजनीति उतारचढापपूर्ण रह्यो । अघिल्लो वर्षमा बनेको वाम–लोकतान्त्रिक गठबन्धनको सरकारले दुईवटा चुनाव सम्पन्न गऱ्यो । वैशाखमा स्थानीय तह र मंसिरमा प्रदेश तथा प्रतिनिधिसभाको चुनाव सम्पन्न गरेको हो । दुवै निर्वाचनमा गठबन्धनका दलहरूले तालमेल गरेर लडे । तर, पछिल्लो निर्वाचनपछि गठबन्धन भत्कियो । सरकार गठनका लागि रापष्ट्रपतिले दिएको समय सीमा सकिन केही घण्टामात्र बाँकी रहेको समयमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नाटकीय ढंगले नेकपा एमालेसहितका दलहरूको साथ लिएर सरकारको नेतृत्व गर्न पुगे । सन् २०२२ को अन्तिम राजनीतिक घट्ना यही नै रह्यो– दुई वर्षदेखिको गठबन्धन भत्किएर नयाँ गठबन्धन र गठबन्धनको सरकार ।

गत वर्ष मुलुकको अर्थतन्त्र निराशाजनक अवस्थामा गुज्रियो । अर्थतन्त्रका अधिकांश सूचकहरू नकारात्मक बने । विदेशी विनिमय सञ्चिति निरन्तर घट्न पुग्यो । मुलुकको चालु खाता र सोधनान्तर स्थिति पनि ऋणात्मक बने । बैंक तथा वित्तीय क्षेत्रमा तरलताको अभावले सताइरह्यो, त्यो अद्यापि कायमै छ । मूल्यवृद्धि उच्च बन्यो । वर्षको अन्त्यतिर भने अर्थतन्त्रमा केही सुधार देखिएको छ । ऋणात्मक रहेको सोधनान्तर स्थिति बचतमा आएको छ । विप्रेषण आप्रवाह बढ्दा विदेशी विनिमय सञ्चितिमा सुधार आएको छ । सन् २०२२ को सुरुआती चरणको तुलनामा अन्तिम समयमा आइपुग्दा अर्थतन्त्र सुधारको केही आशा जगाएको छ । यद्यपि, सम्भावित संकटबाट अर्थतन्त्र बाहिर आइसकेको छैन । अझै पनि समस्या कायमै छ ।

यता कोरोना महामारी केही मत्थर भए पनि जोखिम कायमै छ । वर्षको अन्तिममा आइपुग्दा कोरोना महामारी फेरि फैलिने जोखिम बढेको छ । गत वर्ष लामखुट्टेको टोकाइबाट सर्ने डेंगीले देशभर सतायो । धेरैको ज्यान लियो । जाडो मौसम सुरु भएपछि भने यो महामारी हटेको छ ।

वर्ष २०२३ लाई स्वागत गर्दै गर्दा मुलुकमा भर्खरै नयाँ सरकार बनेको छ । पछिल्लो चुनावबाट उदायका नयाँ दलहरू पनि सरकारमा सहभागी भएका छन् । गठबन्धनका दलहरूले आगामी पाँच वर्ष संसद्को पूर्ण कार्यकाल पूरा हुँदासम्म गठबन्धन कायम राख्ने दाबी गरेका छन् । तर, एमाले र माओवादी केन्द्रबाट प्रधानमन्त्री आलोपालोमा चलाउने सहमति कार्यान्वयनमा आए आगामी साढे दुई वर्षमा सत्ताको नेतृत्व फेरिनेछ । पाँच वर्षसम्म मुलुकको राजनीति स्थिर रहनेमा पूर्ण विश्वस्त हुन नसके पनि केही आश जगाएको छ ।

नयाँ सरकारलाई पाइलैपिच्छे चुनौती छन् । संकटतर्फ उन्मुख अर्थतन्त्रलाई सही ट्र्याकमा ल्याउनुपर्नेछ । मुलुकको बढ्दो चालु खर्च र घट्दो आम्दानीलाई सन्तुलनमा ल्याउँदै विकासका कार्यहरूमा तीव्रता दिनु चुनौतीपूर्ण छ । मुलुकभित्र रोजगारी सिर्जना, लगानीको वातावरण निर्माण, भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्न सरकारले काम गर्नुपर्ने छ । चुनौती नै चुनौतीका बीच जनतालाई परिवर्तनको अनुभूति गराउनुपर्ने दायित्व सरकारमा छ । त्यसैले वर्ष २०२३ पनि सकसपूर्ण नै हुने देखिन्छ । विश्व राजनीति र अर्थतन्त्रको माहोल पनि उस्तै छ । यद्यपि, नयाँ वर्ष मुलुकका लागि सुधारको वर्ष हुने अपेक्षा र कामना गरौं । वर्ष २०२३ सबैका लागि सुखद् बनोस्, शुभकामना !!

## मननयोग्य

### चाणक्य नीति

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन । छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ?

सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- ' यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ? क्रमश :

# ओली–प्रचण्डको पुनर्मिलन



▶▶ दिनेश कार्की

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा एमालेलगायतका सात दल र केही स्वतन्त्र सांसदहरूको समर्थनमा नाटकीयरूपमा पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भए । दुई वर्षअघि केपी शर्मा ओलीले संसद् विघटन गर्दादेखि बनेको गठबन्धन दललाई धोका दिँदै तत्कालीन नेकपाबाट छुट्टिएको ठीक दुई वर्षपछि ओली र प्रचण्ड मिलन भएर वाम तथा नयाँ दलहरूको संयुक्त सरकार बनेको छ । इतिहास साक्षी छ, शान्ति र स्थिरताका लागि नेकपा एमाले र नेकपा माओवादी केन्द्र कति जिम्मेवार छ भन्ने कुरा विगतमा सधैँ सत्ता सहमतिको पालना गर्ने कार्य माओवादी केन्द्रबाट मात्र हुने गर्थ्यो । संसद्को पहिलो दल नेपाली कांग्रेसमा देखिएको दम्भका कारण देशको राजनीतिक परिदृष्य २०७४ मा फर्किएको छ । हिजो चुनाव अगाडि गठबन्धन थियो, आज चुनावपछि गठबन्धन बन्यो ।

अब विगतको कमीकमजोरीको समीक्षा र आत्मालोचनासहित सत्ता सहकार्य हुँदै वैचारिक राजनीतिक कार्यदिशामा व्यापक बहस गर्दै फेरि पनि नेकपाको पुनर्गठनले मात्र राष्ट्रिय आवश्यकता, जनताको चाहना र कम्युनिस्ट आन्दोलन सुदृढरूपमा अघि बढ्न सक्छ । संघीय सरकार र प्रदेश सरकारमा साझेदारीसहित वाम सरकार गठनको आधार मूलतः पहिलो दलको दम्भ र घमण्डको जगमा निर्माण भएको छ । पाँच वर्ष वाम सरकार गठन गर्ने, प्रधानमन्त्रीमा आलोपालो गर्ने नयाँ दलहरूलाई पनि सँगसँगै लैजाने तत्परता एमाले र माओवादी नेतृत्वबाट ढिलै भए पनि भएको कुरा सराहनीय छ ।

इतिहासले दिने यस्तो अवसर कमैमात्र दोहोरिने गर्छ । संयोगले नेपालका कम्युनिस्ट पार्टीको नाममा यो अवसर दोहोरिएको छ । यो अवसर सत्ता सञ्चालनमा क्रमभंग सावित भएको छ । राजनीतिक स्थायित्वका लागि विगतका भूलहरूबाट सिकेर बृहत् एकताको कोशेढुंगा बन्न सक्नुपर्छ । अँध्यारो सुरूङभित्र फस्दै गएको अर्थतन्त्रलाई सही दिशामा फर्काउने प्रयास यो सकारले गर्नु पर्दछ । आजको गणतान्त्रिक शासन व्यवस्थाका मुख्य नेतृत्वकर्ता ओली र प्रचण्डलाई हार्दिक बधाई छ, यो दिन ल्याउन सफल भएकोमा । अब कुनै जालझेल नगरी यो गठबन्धनलाई पार्टी एकतासम्म पुऱ्याउन यी दुई नेताले इमानदारीपूर्वक सार्थक प्रयास गर्नु पर्दछ ।

राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र हुँदैनन् । परिस्थितिअनुसार जुनबेला जुन पार्टी पनि मिलेर चुनावी गठबन्धन, आन्दोलनको गठबन्धन वा सरकार बनाउन सक्छन् । यो कुरा देखिँदै पनि आएको छ । नेकपाकालमा प्रचण्डले ओलीलाई धेरै आरोप लगाए, १९ बुँदे संस्थागत आरोप लगाउँदै किताब नै लेखेर पार्टी पंक्तिमा बाँडे । संसदीय दलको नेता तथा आफ्नो पार्टीको प्रधानमन्त्रीप्रति अविश्वासको प्रस्ताव दर्ता गराउन संसद्मा पठाए । त्यो कुरा थाहा पाएर ओली संसद्मा अविश्वास प्रस्ताव दर्ता गर्नुअघि नै प्रतिनिधिसभा विघटन गरेका थिए । संसद् विघटन गर्नबाट केही मिनेट रोक्न सकिन्छ र ओलीलाई अपदस्त गर्न सकिन्छ कि भनेर बालुवाटार पुगे । ओलीले प्रचण्डलाई बालमतलब दिएनन् र संसद् विघटन गरिदिए । त्यसबेला ओलीले संसद् विघटन रहरले होइन बाध्यताले गरेका थिए, मर्ता क्या नही कर्ता शैलीमा ओलीले संसद् विघटन गरेका थिए । संसद् विघटनको विषय सर्वोच्च अदालतमा पुग्यो । माधवकुमार नेपाल र प्रचण्ड 'हामी यहाँ छौं' भन्दै माइतीघर सडकमा पुगे । सडकबाटै ओलीलाई संसदीय दलको नेता र पार्टीको साधारण सदस्यबाट पनि हटाए । सडकमा मान्छे उतारेर राष्ट्रपति विद्यादेवी भण्डारीलाई तथानाम भन्न लगाए । आखिर प्रधानमन्त्री नपाएको झोँक त थियो प्रचण्डको ! महाधिवेशनमा हार्नु पर्दाको झोँक त थियो माधवको ! परिस्थिति बदलिन पनि सक्छ है भन्ने उनीहरूले बुझेनन् त्यतिबेला । त्यसपछि ओलीले आफ्नो पार्टी जोगाउन निकै दिमाग लगाए । केहीमात्रै क्षति भो एमालेलाई, धेरै क्षति जोगियो पनि । ओलीले जति जोगाए माधव र प्रचण्डले कांग्रेसको साथ लिएर पनि त्यति जोगाउन सकेनन् ।

प्रचण्ड र माधवले केही समय धैर्य गरेको भए अहिले सबैभन्दा ठूलो पार्टीको अध्यक्ष माधव, आफ्नै पार्टीको बहुमतसहितको सरकारको प्रधानमन्त्री प्रचण्ड बन्थे । धैर्यता गुमाएपछि भनेजस्तो किन हुन्थ्यो र ! माधवको आडमा सिंगो नेकपालाई आफ्नो कब्जामा पार्ने दाउ प्रचण्डको थियो । सिंगो नेकपा प्रचण्डलाई सुम्पेपछि प्रचण्डले त सधैं बोकिहाल्छन् नि । ओलीलाई सडकमा पुऱ्याइहाल्छु भन्ने माधवको दाउ अदालतले चकनाचुर पारिदियो । प्रचण्ड जतिसुकै पटक प्रधानमन्त्री भए पनि देश र जनताका लागि हुने केही होइन । उनले आफ्नो फोटो तीन वटा झुण्ड्याउने मात्र हुन् । उनले २०५२ सालदेखि संसदीय व्यवस्थामा जे-जे विकृति र विसंगति देखे, आफूले त्यही-त्यही गरेर सत्तामा पुगे । ती सबै गर्नुको उद्देश्य अरुसरह शक्तिशाली हुने, सत्तामा पुग्ने, सत्ता चलाउने र राज्यको स्रोत साधन दोहोन गर्ने मात्रै उद्देश्य थियो, त्यो पूरा भइरहेकै छ । त्यतिबेला प्रचण्डको कुरा पत्याएर साँच्चै देश जनताको हित हुन्छ भनेर लड्ने क्रान्ति योद्धाहरूको हालत तपाईं हामीले देखेकै छौं । लडेकामध्ये केहीले व्यक्तिगत लाभ, सत्ता स्वार्थको स्वाद लिन पनि सफल भए । प्रचण्डलाई भन्दा ती इमान्दार लडाकूहरूलाई सलाम छ । सहिद भएकाहरूप्रति झनै धेरै सम्मान छ । प्रचण्डको गतिविधिमा त्यतिबेला र अहिले हजारौं गुणा बानीव्यहोरा र कार्यशैलीमा फरक छ । उनले चलाएको सरकारको बेलामा पनि सत्ताको स्वरूप र कार्यशैली संसदीय कालको जस्तै छ, कुनै परिवर्तन भएको छैन ।

सारमा प्रचण्डको कार्यशैली र पुराना संसद्वादी दलका नेताहरूको काम गर्ने कार्यशैली एउटै छ । सत्ताको निम्ति जे पनि गर्ने, जे पनि बोल्ने देखिन्छ । एमसिसीको विरोध गरेर जनता सडकमा उराल्ने पनि उनै हुन र कथित १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित पारित गरेर जनतालाई झुक्याउने पनि उनै हुन् । उनको बोली एसपिपीको कुरा उठ्दा, नागरिकता विधेयकको बेला, चुनावी मैदानमा हुँदाको बेलाको उनको बोलीबाट उनी सत्ताको निम्ति जेसुकै गर्न र बोल्न तयार छन् भन्ने पुष्टि हुन्छ । तर, पनि यो देशको प्रधानमन्त्रीमा नियुक्ति भएर तेस्रोपटक सरकार चलाउँदै छन् ।

इतिहासले दिने यस्तो अवसर कमैमात्र दोहोरिने गर्छ । संयोगले नेपालका कम्युनिस्ट पार्टीको नाममा यो अवसर दोहोरिएको छ । यो अवसर सत्ता सञ्चालनमा क्रमभंग सावित भएको छ । राजनीतिक स्थायित्वका लागि विगतका भूलहरूबाट सिकेर बृहत् एकताको कोशेढुंगा बन्न सक्नुपर्छ । अँध्यारो सुरूङभित्र फस्दै गएको अर्थतन्त्रलाई सही दिशामा फर्काउने प्रयास यो सकारले गर्नु पर्दछ । आजको गणतान्त्रिक शासन व्यवस्थाका मुख्य नेतृत्वकर्ता ओली र प्रचण्डलाई हार्दिक बधाई छ, यो दिन ल्याउन सफल भएकोमा ।

# बर्दीधारीका सडक नियम



▶▶ डा. सुरेश आचार्य

टेकुबाट त्रिपुरेश्वर हुँदै नयाँ बानेश्वरतिर फर्कँदै गर्दा त्रिपुरेश्वरको ट्राफिक बत्तीमा गाडी रोकेर जाने पालो कुरिरहेको थिएँ । जाडो मौसममा झ्यालको सिसा लगाउनु स्वाभाविक थियो । अचानक झ्यालको सिसामा एक ट्राफिक युवतीले टकटक गरिन् । परिवारका सदस्यसँग निस्केको म आफ्नै सुरमा थिएँ । मैले उनीतिर ध्यान दिएँ र सिसा खोल्दै सोधेँ-के भयो ? उनले सीधै गाडीको कागजपत्र मागिन् । मैले फेरि सोधेँ- किन के भयो र ? उनले 'गाडीको बम्पट' मात्र भनिन् । हतारमा एउटा कागज उनको हातमा थमाइदिएँ । मलाइ लाग्यो- कुनै गाडीले पार्किङ गरेको ठाउँमा मेरो गाडीलाई ठक्कर दिएर बम्पट फुटाइदिएछ क्यारे । ट्राफिक प्रहरीलाई मैले कसैलाई ठक्कर दिएर आएँ भन्ने परे छ कि ?

त्रिपुरेश्वर र थापाथलीका ट्राफिक प्रहरीको 'स्मार्टनेस'का नाममा भएको व्यवहारले नागरिकलाई अनाहकमा दुःख दिएको छ । जसै कानुन पालना नगर्ने यातायातको साधन चलाउने धनी वा चालक दण्डित हुन्छ, उसैगरी अनाहकमा दुःख दिने बर्दीधारीलेचाहिँ दण्डित हुनुपर्ने होइन ?

कुरा अर्कै रहेछ । गाडीको पछाडि सुरक्षाका लागि सेफ्टी गार्ड राखेको थिएँ । त्यो राख्नु प्रहरीका लागि आपत्तिजनक भएछ । एक महिनादेखि उनीहरू 'सेफ्टी मेजर' अपनाउने गाडीलाई खोज्दै दुःख दिँदै बसेका रहेछन् । म यसबारे बिल्कुल जानकार थिइनँ । मैले के यसले गाडी नम्बर छोप्यो ? भनेर सोधेँ । त्यो पनि होइन रहेछ । ट्राफिक लाइटमा हरियो बत्ती बलिसकेको थियो । पछाडिका गाडीहरू अड्किरहेका थिए । उनले अर्को ट्राफिक युवतीलाई मेरो गाडीमा हतारहतार चढ्न भनिन् र ट्राफिक कार्यालय जानुपर्ने उर्दी सुनाइन् ।

अगाडि बढ्दै गर्दा मैले गाडीमा बसेकी युवतीलाई ट्राफिक कार्यालय कहाँ छ भनेर सोधेँ । पुरानो ब्लुबर्डको अगाडि रहेछ । त्यहाँ जाने ट्राफिकसम्मत बाटो थिएन । त्रिपुरेश्वरबाट सीधै अगाडि थापाथली, प्रसूतिगृह वा कोपुण्डोल जानुबाहेकको विकल्प ट्राफिकले दिएको छैन । मैले उनै युवतीलाई सोधेँ, उनीसँग पनि जवाफ थिएन । उनले चोक नपुग्दै मोड्न पाइने ठाउँ हो वा होइन भन्ने जवाफ दिन सकिनन् । थापाथली चोक नजिकबाट 'यु टर्न' गरेर उनको कार्यालयमा गएँ ।

एक जना प्रहरी सहायक निरीक्षक रहेछन् हाकिम । ती युवतीले म र मैले दिएको कागज (हतारमा बिमाको कागज परेको रहेछ) हस्तान्तरण गर्दै भनिन्, 'उहाँले बम्पट झिक्नुभएको रहेनछ, कागजपत्र पनि यति मात्रै रहेछ ।'

यसलाई बम्पट भन्छन् कि सुरक्षा कवच ? मलाई अहिले पनि थाहा छैन । मसँग कागज सबै थियो तर उनलाई दिएको मात्रै त्यति थियो । प्रहरी सहायक निरीक्षकले कागजको खास खोजी गरेनन् । मैले उल्टै प्रश्न गरेँ- मेरो गल्ती के हो ? उनले फेरि त्यही सेफ्टी गार्ड निकाल्न भने । मैले कारण जान्न चाहेँ । उनले त्यो राख्दा सेन्सरले काम नगर्ने भएकाले झिक्न लगाइएको बताए । मैले मेरो गाडीमा सेन्सर नै छैन, यो नियम त सेन्सर हुनेका लागि होला नि भनेँ । तर, उनले सबैलाई एउटै व्यवहार गरिएको दाबी गरे ।

म उनीसँग सहमत हुने कुरै थिएन । मैले खरिद गरेको वस्तु अर्थात् मेरो सम्पत्तिको सुरक्षा गर्नु कसरी गल्ती भयो ? यसले न बाटो रोक्छ, न नम्बर छेकेको छ । बरु हुर्रिएर आउने बाइकबाट सुरक्षा भइरहेको छ । मेरो गाडीमा सेफ्टी गार्ड निकालेपछि कसैले ठोक्यो भने त्यसको जवाफदेही प्रहरी हुन्छ ? उनले मलाई गाडीको स्वरूप परिवर्तन गर्न नपाइने कानुन पढाउन खोजे । मैले के परिवर्तन पाउनुभयो भनेर सोध्न छाडिनँ । उनी धेरै तर्क गर्न चाहिरहेकै थिएनन् । बरु आदेश गरे- कागजपत्र यहाँ छाडेर जानोस्, कुनै वर्कसपमा लगेर यो खोलेर कागजपत्र लिन आउनुहोला । म पनि आफ्नो जिद्दी छाडिरहेको थिइनँ । पछि उनलाई के लाग्यो कुन्नि ? उनले भने, 'भैगो तपाईंले कागजपत्र छाड्नु परेन तर यसलाई निकाल्नुहोला ।'

यति साँघुरो ठाउँमा यो कार्यालय रहेछ, सडकमा गुड्नेमध्येका सबैभन्दा सानो मेरो गाडी मोड्ने ठाउँ पनि थिएन । गाडी मोड्दै गर्दा त्यो सेफ्टी गार्डले गाडी कोरिनबाट जोगाइरहेको त्यहाँ रहेका अरु ट्राफिक प्रहरीले देखिरहेका थिए । पछि उनीहरूकै सहयोगमा गाडी निकालेर म निस्कँ । शनिबारको त्यो दिन म कुनै वर्कसपमा गइन । घरमा आएर ट्राफिक प्रहरी कार्यालयको वेबसाइटमा त्यस्तो सूचना कतै छ कि भनेर खोजेँ । कतै फेला पारिनँ । ट्राफिक प्रहरीको आदेश मान्ने कि नमान्ने भन्ने दोधार भइरह्यो ।

आइतबार मलाई कामका लागि निस्कनै थियो, आदेशको पालना गरेको थिइनँ । सबै गाडीहरू ख्याल गर्दै गएँ । कतिमा ती सुरक्षा कवच थिए तर धेरैमा नभएको आभास भयो । केही सरकारी गाडीमासमेत निकालिएका थिएनन् । कामबाट घर फर्केर मैले प्रहरी आदेश पालन गरेँ । अर्को आइतबार धोवीखोलाको पुलबाट भाटभटेनी मार्केट निस्कनेतिर गाडी मोड्दै थिएँ, यति लामो जापानी मोडलको सरकारी नम्बरको पिकअप भ्यान मेरो अगाडि पऱ्यो । बा २ झ बाहेक अरु केही नबुझिने गरी हालेको उसको सुरक्षा कवच यथावत् थियो । मैले उसको नम्बर प्लेट पढ्न निकै कोसिस गरेँ । अहँ, सम्भव नै भएन । मभन्दा अगाडि गुडिरहेको त्यो गाडी सिंहदरबार दक्षिण ढोकाको मुखैमा रहेको राष्ट्रिय अनुसन्धान विभागको कार्यालयमा छिऱ्यो । सुरक्षा कवच निकालेर प्रहरी ज्यादतीबाट ढुक्क भएको म पनि सिंहदरबारभित्र छिरेँ ।

त्यो दिन ट्राफिक युवतीले ट्राफिक लाइटमा रोकिएको गाडीमा आएर जुन व्यवहार गरिन्, त्यो मेरा लागि अनौठो थियो । उनलाई मसँग कुरा गर्नु थियो भने पहिला साइड लगाउन भन्नुपर्थ्यो । बीच बाटोमा अरु साधनलाई समेत असर पर्नेगरी रोक्नु ट्राफिक प्रहरीको अधिकार हो ? अरुको साधनमा ट्राफिक प्रहरीलाई बस्ने अधिकार कहाँबाट मिल्यो ? उनले मेरो अनुमतिविना अर्की ट्राफिक युवतीलाई गाडीमा बस्न लगाइन् । मेरो गाडीमा परिवारका अरु सदस्य थिए । ती ट्राफिक युवतीमा कुनै सरुवा रोग भए वा मेरा परिवारका सदस्य बिरामी भएको भए उनको बसाइँले प्रभाव पार्थ्यो कि पार्दैनथ्यो ? गाडी मेरो व्यक्तिगत सम्पत्ति हो, मैले राज्यलाई तिर्नु बुझाउनुपर्ने सबै कर तिरेर चलाएको छु । त्यसमा सडकमा उभिने बर्दीधारीको स्वतःअधिकार हुने हो ? म उनको कार्यालय पुगेपछि ती प्रहरी सहायक निरीक्षकले अन्त्यमा जे भने, त्यो कुरा ती ट्राफिक युवतीले नै त्यहीँ भनेको भए हुन्नथ्यो ?

त्रिपुरेश्वर र थापाथलीका ट्राफिक प्रहरीको 'स्मार्टनेस'का नाममा भएको व्यवहारले नागरिकलाई अनाहकमा दुःख दिएको छ । जसै कानुन पालना नगर्ने यातायातको साधन चलाउने धनी वा चालक दण्डित हुन्छ, उसैगरी अनाहकमा दुःख दिने बर्दीधारीलेचाहिँ दण्डित हुनुपर्ने होइन ? नागरिकले तिरेको करबाट तलब खाएर म सेवा गर्न सडकमा उभिएको छु, कसैलाई सताउन होइन भन्ने चेत यिनीहरूमा फिर्नु पर्दैन ?

आज प्रहरी आदेश मानेर मैले मेरो सम्पत्तिको सुरक्षा कवच निकालिरहँदा अझै चित्त बुझ्दो कारण फेला पारेको छैन । तपाईंलाई यसबारे केही थाहा थियो कि ?

*(आचार्य नेपाल पत्रकार महासंघका पूर्वसभापति हुन्)*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**देउडा खेल** | सुर्खेतको बराहताल गाउँपलिका–४ तरंगामा देउडा खेल खेल्दै स्थानीय बासिन्दा । संस्कृति जोगाउन यहाँका बूढापाकाहरूले समय–समयमा देउडा खेल खेल्ने गर्दछन् ।

*तस्बिरः सुरेश आचार्य ⁄ रासस*

# जनशक्ति नहुँदा पिसिआर ल्याब बन्द

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दोधारा चाँदनी–महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालमा जनशक्ति नहुँदा अस्पतालको सेवा प्रभावित बनेको छ । कोरोना संक्रमणका बेला राखिएका छ कर्मचारीको करार सम्झौता सकिएपछि सुदूरपश्चिम प्रदेश सरकारले करार सेवा थप नगर्दा अस्पतालको सेवा प्रभावित बनेको महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिले जनाएको छ ।

अस्पतालको पिसिआर ल्याबमा कार्यरत छ कर्मचारीको करार सेवा थप नभएपछि अस्पतालको पिसिआर ल्याब बन्द भएको महाकाली प्रादेशिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णानन्द भट्टले जानकारी दिए ।

उनका अनुसार सरकारले सुदूरपश्चिममा कैलालीको सेती र डडेलधुरा अस्पताललाई मात्रै कोभिड अस्पताल घोषणा गर्दा समस्या भएको हो । सरकारले महाकाली अस्पताललाई कोभिड अस्पतालको रूपमा नलिएपछि कोरोनाका बेला राखिएका कर्मचारीको करार सेवा थप नभएको हो । 'सरकारले एकातर्फ कोभिड अस्पताल घोषणा गरेन, अर्को कोरोना संक्रमणका बेला भर्ना भएका कर्मचारीको करार सेवा थप गरेन, यसले जनशक्ति अभाव भयो,' उनले भने, 'बजेट अभाव हुँदा ल्याबका लागि आवश्यक अन्य सामग्रीसमेत अभाव छन्, जसले गर्दा सेवा बन्द हुन पुग्यो ।' छिमेकी मुलुकमा कोरोनाका नयाँ भेरियन्ट देखिँदा थालेपछि त्यसको जोखिम यहाँ पनि कायम रहेका बेला कोरोना परीक्षण गर्ने मेसिन नै बन्द हुन पुगेको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले पनि छिमेकी मुलुकमा कोरोनाको नयाँ भेरियन्ट देखापरेकाले यहाँ पनि जोखिम रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ । कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले जिल्ला विपद् व्यवस्थापन समितिले कोरोना संक्रमणको जोखिमबाट बच्न सबै निकायले आवश्यक तयारी गर्ने निर्णय गरेको बताए । 'भविष्यमा आउनसक्ने जोखिमलाई मध्यनजर गर्दै अक्सिजन, आइसोलेसन र होल्डिङ सेन्टर व्यवस्थापनलगायतका पूर्वतयारी गर्ने निर्णय भएको छ,' उनले भने, 'सीमानाका व्यवस्थित गर्ने र सावधानीका उपाय अपनाउने विषयमा छलफल भएको छ ।'

# पूर्वाधार विकासको पर्खाइमा महाभारतकालीन 'किचकबध'

■ **सन्तोष शर्मा**

**बनियानी-** झापाको भद्रपुर नगरपालिका-२ स्थित महाभारतकालीन ऐतिहासिकस्थल किचकबध पूर्वाधार विकासको पर्खाइमा छ । नेपालकै उत्कृष्ट पर्यटकीयस्थलमध्ये एक बन्नसक्ने पर्याप्त सम्भावना बोकेको किचकबध यतिबेला पूर्वाधार विकासको पर्खाइमा रहेको हो ।

किचकबधलाई झापामा मात्र नभई मुलुककै उत्कृष्ट गन्तव्य बनाउन एक अर्ब ५३ करोड ६० लाख रूपैयाँ बराबरको गुरुयोजना निर्माण गरिएको किचकबध धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थल संरक्षण समितिका अध्यक्ष दिलबहादुर थेवेले जानकारी दिए । गुरुयोजना पुरातत्त्व विभाग र पर्यटन मन्त्रालयमा पेस गरिएको छ ।

'हामीले गुरुयोजना बनाएका छौं,' उनले भने, 'तर बजेट अभावमा काम गर्न सकिएको छैन ।' घेराबार, पूर्वाधार निर्माण, जग्गा खरिद, पार्किङ, मठ, मन्दिरको स्तरोन्नति, वनभोजस्थल निर्माण, बगैँचा, दृश्यावलोकन स्तम्भलगायतका विषयलाई समेटेर गुरुयोजना निर्माण गरिएको उनले बताए ।

'यहाँको ऐतिहासिकताको संरक्षण गर्दै उत्कृष्ट पर्यटकीयस्थल बनाउने योजना छ,' उनले भने, 'अहिलेसम्म दुई ⁄ तीन करोड रूपैयाँको काम मात्र भएको छ ।' करिब १० बिघा क्षेत्रफलमा किचकबध फैलिएको छ । किचकबधको उत्तरतर्फ रहेको खोलाको बगरको करिब १० बिघा ऐलानी जग्गासमेत संरक्षण समितिकै मातहतमा रहेको छ भने सो क्षेत्रमा वृक्षरोपण गरिएको छ । पोखरी निर्माणका लागि पश्चिमतर्फको थप २० बिघा जमिन खरिद गर्ने लक्ष्य रहेको संरक्षण समितिका सचिव मदन कँडेलले बताए ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट हालसम्म एक करोड ४५ लाख रूपैयाँ र प्रदेश १ सरकारअन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रायबाट ६० लाख रूपैयाँ प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्त बजेटबाट बालउद्यान (चिल्ड्रेन पार्क) निर्माण गरिएको छ भने मन्त्रालयबाट प्राप्त बजेटबाट घेराबारा र भीम-किचकको प्रतिमा निर्माण गरिएको छ ।

हाल किचकबधमा बालउद्यान (चिल्ड्रेन पार्क), स्थायी प्रहरी चौकी, भीम-किचकको प्रतिमा निर्माण, आंशिक घेराबाराको



काम सकिएको छ । 'धार्मिक र ऐतिहासिकस्थल भएकाले यसको सुरक्षाका लागि हामीले पहल गरेर अस्थायी प्रहरी चौकी निर्माण गरेका थियौं,' संरक्षण समितिका सचिव कँडेलले भने, 'अहिले त्यसलाई अस्थायीबाट स्थायी प्रहरीचौकी बनाएका छौं ।'

चिल्ड्रेन पार्क, बिजुली र पानीको व्यवस्थापन भएसँगै यहाँ वनभोजको मौसममा आन्तरिक तथा बाहच पर्यटकको आगमन बढेको छ । त्यसले यहाँको आम्दानीको स्रोतको वृद्धिसँगै किचकबधको प्रचारप्रसारमा थप टेवा मिलेको छ । वनभोज खान आउनेलाई प्रतिसमूह ५०० रूपैयाँ शुल्क लिने गरिएको छ भने चिल्ड्रेन पार्कमा प्रतिव्यक्ति ३० रूपैयाँ प्रवेश शुल्क लिने गरिएको छ ।

**वनभोज खान आउने बढे**

पछिल्लो समय यहाँ वनभोज खान आउनेको संख्या बढेको छ । वनभोजको मौसममा मासिक दुई हजारभन्दा बढी पर्यटक आउन थालेको संरक्षण समितिका अध्यक्ष थेवे बताउँछन् । 'अरु बेला पनि (चाडपर्व र बिदाका दिनमा) मानिस घुम्न आउने गरेका छन्,' उनले भने, 'पछिल्लो समय पर्यटकको आगमनमा वृद्धि भएको छ ।' किचकबधसम्म पुग्ने सडक निर्माण, पानी, बिजुलीलगायतको व्यस्थापन भएसँगै यहाँ पर्यटकको आगमन बढेको हो । अन्य बिदाका दिन ४०० देखि ५०० जनासम्म घुम्न आउने गरेका छन् ।

वि.सं. २०६२ देखि संरक्षण समिति गठन गरेर किचकबधमा आयआर्जनसँगै पर्यटकीयस्थल निर्माणको काम भइरहेको संरक्षण समितिका पूर्वसचिव शिवकुमार राजभण्डारीले बताए । 'यहाँको ऐतिहासिक पौराणिक महत्त्वलाई थप उजागर गर्दै अघि बढ्नुपर्छ,' उनले भने, 'त्यसमा सरोकारवाला निकायको ध्यान जान जरुरी छ ।'

किचकबधलाई भद्रपुर नगरपालिकाले चालु आर्थिक वर्षमा पाँच लाख रूपैयाँ बजेट छुटचाएको छ भने प्रदेश सरकारबाट २० लाख रूपैयाँ छुटचाइएको संरक्षण समितिका अध्यक्ष थेवेले जानकारी दिए । निर्माणाधीन शिवमन्दिरको काम पूरा गर्ने गरी नगरपालिकाले उक्त बजेट दिएको हो ।

**२० फिट अग्लो भीम-किचकको प्रतिमा**

किचकबधमा हालै २० फिट अग्लो भीम-किचकको प्रतिमा निर्माण गरिएको छ । संस्कृति तथा पर्यटन मन्त्रालयमार्फत प्राप्त बजेटबाट निर्माण गरिएको प्रतिमाको हल्दीबारीका कलाकार सुफल मर्डीले बनाएका हुन् ।

पुरातत्त्व विभागले साविकको स्थानमा रहेको भीम-किचनको प्रतिमा हटाउन भनेपछि साविकको स्थानदेखि करिब ५० मिटर पर अर्को ठूलो प्रतिमा निर्माण गरिएको हो । त्यसको निर्माण लागत २३ लाख ७० हजार ८७७ रूपैयाँ रहेको छ । नवनिर्मित २० फिट अग्लो भीम-किचकको प्रतिमा निर्माण भएपछि यतिबेला यहाँ सेल्फी खिच्नेको भीड लाग्ने गरेको छ ।

त्यस्तै देउनियाँ खेलामा रहेको झुलुंगे पुललेसमेत यहाँको आकर्षण बढाएको छ भने आवागमनमासमेत मद्दत मिलेको छ । प्राकृतिक दृश्यावलोकनका लागिसमेत यो क्षेत्र मनमोहक छ ।

**धार्मिक महत्त्व बोकेको किचकबध पोखरी**

किचकबधको उत्तरीतर्फ एउटा पोखरी छ । त्यसलाई किचकबध पोखरी भनिन्छ । महाभारतकालमा भीमसेनले विराट राजाका साला एवं उक्त राज्यका सेनापति किचकको बध गरेको र मर्न लागेका किचकले पानी पिउने आफ्नो अन्तिम इच्छा व्यक्त गरेपछि भीमसेनले मुड्कीले हिर्काएर पानी निकालेको र सोही स्थान बनेको जलकुण्डलाई 'किचकबध पोखरी' नामकरण गरी पूजाआजा गर्ने गरिएको जानकार बताउँछन् ।

हरेक वर्ष श्रीस्वस्थानी व्रतको बिर्सजनका दिन यहाँ भव्य मेला लाग्ने गरेको छ । उक्त मेलामा झापा, मोरङ, सुनसरीलगायत भारतको बंगाल र कुचविहारबाट ठूलो संख्यामा भक्तजन आउने गरेको संरक्षण समितिका अध्यक्ष थेवेले बताए । यस वर्ष आगामी माघ २२ गते मेला लाग्दै छ । 'बालबालिकाको केस मुण्डन (कपाल काट्न) भारतको बंगाल र विहारबाट ठूलो संख्यामा भक्तजन आउँछन्,' उनले भने, 'यहाँ आएर केस काट्ने भाकल गरेको पाइन्छ ।'

किचकबध पोखरीमा कहिल्यै पानी सुक्दैन भने पोखरीमा फुल्ने कमलको पुलले यसको आकर्षण बढाएको छ । मेची र देउनियाँ नदीको दोभानमा अवस्थित किचकबध परिसरमा सतीदेवी, विष्णुपादुका र शिवको मन्दिर रहेको छ ।

**ऐतिहासिक पृष्ठभूमि**

किचकबध महाभारतकालीन कथासँग जोडिएको छ । यस क्षेत्रमा दुई हजार वर्षभन्दा पहिलेको दरबार, किल्ला, पर्खाल, भाँडाकुँडा र इँटा पुरातत्त्व विभागको उत्खननबाट फेला परिसकेको छ । वि.सं. २०५९ मा पहिलोपटक उत्खनन गर्दा स्वस्तिक चिह्न भएको माटाको इँटा किचकबध स्थलमा फेला परेको थियो ।

महाभारत कथामा पाँच पाण्डवकी रानी द्रौपदीमाथि कुदृष्टि राख्ने 'किचक' नामको पात्रलाई मारिएको स्थान भएकाले यस ठाउँको नाम 'किचकबध' रहन गएको हो । अहिलेको किचकबध स्थल त्यही विराटकालीन नाटचशाला भएको विश्वास गरिएको छ । वरिपरि खेतका बीचमा अग्लो डाँडामा किचकबध स्थल रहेको हुँदा भौगोलिक बनावटका आधारमासमेत यो ठाउँमा पुरानो दरबार हुनसक्ने ठानिएको छ ।

**कसरी पुग्ने किचकबध ?**

झापा सदरमुकाम चन्द्रगढीदेखि करिब १० किलोमिटरको दूरी पार गरेपछि किचकबध पुग्न सकिन्छ । हुलाकी राजमार्गसँग जोडिएकाले भद्रपुर-२ स्थित सगरमाथा चोकसम्म सहजै पुग्न सकिन्छ । उक्त चोकदेखि करिब डेढ किलोमिटर पूर्वग्रावेल सडकको यात्रा गरेपछि किचकबध पुगिन्छ ।

किचकबधको दक्षिणी भागमा ससाना चिया खाजा पसलसमेत रहेका छन् । त्यसले गर्दा यहाँ पुग्ने पर्यटकले चिया, खाजा र खानाका लागि समस्या छैन भने हुलाकी राजमार्ग आसपास सानाठूला होटल तथा लज भएकाले बसोबासका लागिसमेत कुनै समस्या नरहेको भद्रपुर-२ की स्थानीयवासी एलिना श्रेष्ठले बताइन् । *रासस*

# जमुनाह नाकामा कडाइ

**राँझा–** कोरोना भाइरसको संक्रमण फैलिन नदिन नेपालगञ्जस्थित जमुनाहा नाकामा परीक्षणमा कडाइ गरिएको छ । भारतबाट नेपाल आउँदै गरेकी एक महिलामा कोरोना संक्रमण पुष्टि भएपछि नेपालगञ्जस्थित नाकामा सतर्कता अपनाउन थालिएको नेपालगञ्ज उपमहानगरपालिका स्वास्थ्य महाशाखा संयोजक रामबहादुर चन्दले जानकारी दिए ।

कोरोना संक्रमण कम भएपछि गत असोज १ गतेदेखि यो नाकामा जाँच रोकिएको थियो । छिमेकी देश भारत र चीनमा कोरोना संक्रमण देखिन थालेपछि नाकामा फेरि कडाइ सुरु गरिएको चन्दले बताए । अहिले नेपालगञ्ज नाकामा पनि स्वास्थ्य सावधानीसँगै भारतबाट नेपाल फर्किनेको अनिवार्य कोरोना परीक्षण गर्न सुरु गरिएको छ ।

भारतको सिमलाबाट नेपाल फर्किंदै गरेकी जाजरकोटकी ३० वर्षीया महिलालाई परीक्षणको क्रममा शुक्रबार कोरोना संक्रमण पुष्टि भएको जमुनाह हेल्थ डेस्कका ल्याब टेक्निसियन चिरञ्जीवी ज्ञवालीले जानकारी दिए । *रासस*


**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : पौष १७, २०७९**

यस कम्पनीको मिति २०७९/०८/२२ सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साबिक बिमा लगानी कम्पनी लिमिटेडमा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम (**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड**) ले व्यहोर्ने गरी मितिः २०७९/०९/११ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयबाट परिवर्तित नाममा स्वीकृति प्राप्त भएकोले सम्पूर्ण सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Melung Rural Municipality**
Office of Rural Municipal Executive
Bhedapu, Dolakha
Bagamati province

**INVITATION FOR BIDS**

**First Date of Publication:2079-09-17 (01-01-2023)**

1. Melung Rural Municipality, office of Rural Municipal Executives, Bhedapu, Dolakha has allocated funds for procurement of goods and invites open national competitive bidding. This notice is published as per Public Procurement Act, 2063 (14) sub- section (1) and Public Procurement Rule, 2064 (49 Ka) for all eligible bidders.

| S.N | Contract ID | Procurement Title | Estimated Cost (*inclusive VAT*) | Min. Bid Security Amount (NRs) | Fee for Bid Documents (NRs) |
|---|---|---|---|---|---|
| 1 | MRM-TB-01-G-NCB- 2079/80 | Phadke Khola Truss Bridge | 1,687,832.36 | 45,000.00 | 0 |

2. Deadline For Purchase, Submission and Opening:

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bidding Document | 2079-10-16 (30-01-2023) | During Office Hours |
| Submission of Bid | 2079-10-17 (31-01-2023) | 12:00 hours |
| Opening of Bid | 2079-10-17 (31-01-2023) | 14:00 hours |

*Information for depositing the fee of bidding document in Bank:*
**Name of Bank : Sanima Bank, Melung Branch, Dolakha**
**Name of Acc. : GA.PA. Ga 1.1 AANTARIK RAJASWA KHATA**
**A/C No. : 072010020000015**

Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security amount as mentioned. If bidder wishes to submit Bid Security in the form of cash, the cash should be deposited in 3.1 MELUNG GA.PA. DHARAUTI KHATA (Account) no. 072010020000024, at Sanima Bank, Melung Branch, Bhedpu, Dolakha and submit the receipt of the deposited amount of cash along with the sealed bid, or in form of a bid-security issued by an authorized bank (A class commercial bank) with validity at least up to 120 days from the date of bid opening.

3. Bidders shall have the option of submitting their bids **electronically or hard copy**. For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board or website of Melung Rural Municipality (melungmun.gov.np), Bhedapu, Dolakha or the PPMO's Website http://www.bolpatra.gov.np/egp
4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of GoN.
5. Any amendment in the tender notice shall be posted in the notice board of the Melung Rural Municipality and PPMO's website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

रूपशाला


## डा. अमृत थापाको कविताञ्जली लोकार्पण

डा. अमृत थापाले कविताञ्जली कविता कृति बजारमा ल्याएका छन् । प्रकृति, जीवन र जागरणसँग नजिक रहेर थापाले कविता लेखेका छन् । कविताञ्जलीमा थापाका ४५ ओटा कविता सङ्हित रहेका छन् । थापाले आफ्नो बाल मनसपटलबाट निस्किएका भावनालाई सङ्हित गरेर राखेको र परिमार्जित गरेर कविता कृतिका रूपमा ल्याएको बताए । कोलम्बिया विश्वविद्यालय अमेरिकाबाट शिक्षा र अर्थशास्त्रमा पिएचडी गरेका थापाले ऐश्वर्य प्रकाशन प्रालिबाट पुस्तक प्रकाशन गरेका हुन् । उनी हाल पेन्सलभेनिया विश्वविद्यालय फिलाडेल्फिया संयुक्त राज्य अमेरिकामा लेक्चररको रूपमा कार्यरत छन् ।




आइतबार, १७ पुस २०७९ (Sunday, January 1, 2023)


# आचार्यको कूटनीतिक डायरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनका लागि नेपाली पूर्वराजदूत राजेश्वर आचार्यको नेपाल-चीन सम्बन्धसहितका कूटनीतिक क्षेत्रका विविध विषयवस्तु समेटिएको ‘कूटनीतिक डायरी’ पुस्तक सार्वजनिक भएको छ ।

पूर्वपरराष्ट्रमन्त्री भेषबहादुर थापाले एक समारोहमा उक्त पुस्तक लोकार्पण गरेका हुन् । चीनमा रहँदा नेपाल-चीन सम्बन्ध विकसित गर्ने सम्बन्धमा भएका द्विपक्षीय भेटघाट, छलफल, सहयोग र सम्झौतासम्बन्धी देखेको, भोगको र अनुभव गरेका विषय स्पष्टरूपमा कृतिमा समावेश गरेका छन् ।

पुस्तकमा कूटनीतिक यात्रा, चीनबारे अनुभव र बुझाइ, माओको उदय र प्रभाव, एक चीन नीति, कालापानीबारे चासो, पारवहन सन्धिको चासो, राजा वीरेन्द्रको चीन भ्रमण, चिनियाँ प्रधानन्त्री झु रुङ जीको नेपाल भ्रमण तथा आर्थिक कूटनीति र मगन्ते प्रवृत्तिलगायत शीर्षकमा विविध विषय समेटिएको छ ।

उनी विसं २०५५ कात्तिक १ देखि २०५९ माघ १५ गतेसम्म चीनका लागि राजदूत थिए । पूर्वराजदूत आचार्यले आफ्नो पुस्तक स्व राजा वीरेन्द्र तथा प्रथम जननिर्वाचित प्रधानमन्त्री स्व विपी कोइरालाप्रति समर्पित गरेको उल्लेख छ । बेइजिङमा चार वर्ष रहँदा उहाँलाई दुई राजा र पाँचवटा सरकारको प्रतिनिधि भई काम गर्ने अवसर जुटेको थियो । नेपाल चीनसँग सीमा जोडिएका १४ मध्ये एक छिमेकी राष्ट्र हो । शान्त कूटनीतिमा विश्वास गर्ने चीन र नेपालबीचको सम्बन्ध सदियौँदेखि मित्रवत् रहँदै आएको छ ।

नेपालजस्ता मुलुकले चीनको अवधारण बुझेर नीतिगत सामञ्जस्य मिलाएर राष्ट्रिय हित संरक्षण गर्न सक्नुपर्छ भन्ने परराष्ट्र मामिलाका जानकार बताउँछन् । कृतिमा प्राध्यापक केदारभक्त माथेमा, कूटनीतिज्ञ हिरण्यलाल श्रेष्ठ,




पत्रकार ध्रुवहरि अधिकारी र कमला आचार्यले कृतिका सम्बन्धमा समीक्षा र प्रतिक्रिया समेटिएको छ ।

पुस्तकमा मङ्गोलिया र उत्तर कोरिया सम्बन्धित कतिपय विषयवस्तु र तथ्य तथ्याङ्क समावेश गरिएको छ । राष्ट्रहितलाई सर्वोपरी राखेर छिमेकीसित सन्तुलन कायम गर्न तथा विश्व शान्ति र अन्तर्राष्ट्रिय कानुनको पालना गर्ने विषयमा समेटिएको लेखले कृतिलाई ओजपूर्ण तुल्याएको छ ।

चीनबारे अनुभव र बुझाइ शीर्षकमा लेखक आचार्यले चिनियाँ नेतृत्वसहित सबैले कडाइका साथ समयको पालना गरेको, सबै काम र भेटघाट निर्धारित समयमै हुने गरेको तथा सार्वजनिक यातायात हवाई, रेल र बस निकै व्यवस्थित रहेको उल्लेख छ । चीनले अनुसन्धान र विकासमा धेरै ठूलो लगानी गरेको तथा उनीहरूको जोड विशेषत विद्यार्थीमा ज्ञान, सीप र व्यक्तित्व विकासमा रहेको उल्लेख छ ।

पुस्तक विमोचन समारोहमा पूर्वपरराष्ट्रमन्त्री डा भेषबहादुर थापाले छिमेकीसँग सन्तुलन कायम गरी आफ्नो राष्ट्रियहितमा काम गर्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, ‘चीनका नेताहरूबाट माथिल्लो तहको शिष्टाचार र मानवीय पक्षमामा सबैले ज्ञान लिन र सिक्न जरुरी छ ।’

कूटनीतिक क्षेत्रका जानकार पूर्वसचिव चिरनशम्शेर थापाले राजनीतिक हिसाबले उथलपुथल भए पनि चीनले नेपालाई सधैंभर श्रद्धाभावले हेर्दै आएको बताए ।

पूर्वराजदूत हिरण्यलाल श्रेष्ठले मुलुकको प्रतिनिधित्व गरेर जाने व्यक्तिले दल विशेषको नभई राष्ट्रहितलाई सर्वोपरी राखेर काम गर्न सक्नुपर्छ भन्ने सन्देश पुस्तक अध्ययनबाट थाहा पाइने छ भने ।

वरिष्ठ पत्रकार अधिकारीले नेपाल-चीन सम्बन्ध र समग्र कूटनीतिबारे जानकारी लिन चाहने पाठकका लागि कूटनीति डायरी ओजपूर्ण र मूल्यवान रहेको बताए । लेखक शौरभले मुलुक कृषिमा आत्मनिर्भर नरहेसम्म परिपक्क ढङ्गबाट कूटनीतिमा सन्तुलन कायम गर्न सकिन्न भन्ने सन्देशलाई नेतृत्वले अझै आत्मसाथ गर्न नसकेको भनी टिप्पणी गरे ।

पुस्तका स्रष्टा आचार्यले नेपाल र चीनबीच समस्यारहित रहेको धारणा राखे । पूर्वराजदूत आचार्यले कूटनीतिक डायरी विसं २०३३ मा विपी कोइराला मेलमिलापको नीति लिई ज्यानकै बाजी राखेर स्वदेश फर्केको दिनका अवसर पारेर विमोचन कार्यक्रम राखेका हुन् ।

# श्रेष्ठको योगदानी व्यक्तित्व सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** लेखक पदम श्रेष्ठको पुस्तक ‘योगदानी व्यक्तित्व (समाजका कुशल अभियन्ता)’ नामक पुस्तक सार्वजनिक भएको छ । बिहीबार समाधान (सोलुसन) समाजद्वारा राजधानीमा समारोहमा पुस्तक सार्वजनिक गरिएको हो । पुस्तकमा लेखक श्रेष्ठले कला, भाषा, साहित्य, कृषि, शिक्षा तथा विभिन्न दृष्टिले नेपाली समाजमा योगदान पुऱ्याएका २५ जना व्यक्तिको ऊर्जाशील र प्रेरक कर्मको चर्चा गरेका छन् ।

बिहीबार आयोजित कार्यक्रममा उक्त पुस्तकबारे अद्वैतवादका प्रचारक तथा धार्मिक गुरू दामोदर गौतमले चर्चा गरेका थिए । उनले विश्वका सबै धर्म र धर्म गुरू, धार्मिक पुस्तक दिने एउटै सन्देश मानवता र मानवताको भलाइका लागि जीवन समर्पण गर्न‘ रहेको बताए ।

विभिन्न समय र कोणबाट मानिसलाई सत्मार्गमा डोऱ्याउन भगवानको रूपमा आएका महामानवहरूले अरुको भलाइका लागि काम गर्दा आफ्नो आत्माको शुद्धी तथा मूक्ति हुने उदाहरण उनले पेस गरेका थिए ।




पुस्तकमा गुरू गौतमका समाजसेवा र उनले पछ्याउने दर्शनबारे पाठकले पढ्ने अवसर पाउने छन् । कलाकार अजय देशारले ‘योङ पिकासो’ संस्थामार्फत अवसरबाट वञ्चित बालबालिका तथा किशोर, किशोरीका लागि राजधानी वरिपरिका दुर्गम गाउँमा पुगेर चित्रकला सिकाको उद्देश्यबारे चर्चा गर्दै आफू विदेश पुगेर मिहेनत गर्दाको क्षणले सिकाएको पाठले यसतर्फ लागेको बताए ।

अभियन्ता प्रेम बासुकलाले आफ्नो पुर्ख्यौली जग्गा, जमिन बेचेर अन्य कामका लागि खर्च गर्ने बानीले सुकुम्बासीको स्थितिमा पनि पुगिने भन्दै जग्गा बेच्ने गल्ती नगर्न आग्रह गरे । सोलुसन समाजका प्रमुख साधुराम महर्जनले सत्संगले जीवनको लक्ष्य प्राप्तिका गोरेटो भेटिने चर्चा गर्दै जुनसुकै कर्ममार्फत पनि अरूको भलाइ गर्ने कर्मले समाजका लागि योगदान पुग्ने विचार व्यक्त गरे ।

# एलिनाको ‘कुरा काट्ने मान्छेले काटुन २’

**काठमाडौं, (प्रस)–** ‘कुरा काट्ने मान्छेले काटुन’ को सफलतासँगै गायक सुभाष पुरी र गायिका एलिना चौहानले ‘कुरा काट्ने मान्छेले काटुन २ ’को भिडियो सार्वजनिक गरेका छन् ।

दीपक शर्माको शब्द तथा संगीत रहेको सार्वजनिक गीतको भिडियोमा टिकटकबाट चर्चा कमाएका सरोज राना प्रजा र बिना राउतको अभिनय देख्न सकिन्छ । भिडियोलाई प्रकाश खड्काले छायांकन गरेका छन् भने एरेन्ज, मिक्सिगं र मास्टरिङ विशाल निरौलाले गरेका हुन् ।

भिडियोको सम्पादन लक्ष्मण चौहानले गरेका हुन् । बिक्रम चौहानले निर्देशन गरेको भिडियो गायक पुरीकै अफिसियल च्यानल म्युजिक जक्सनबाट बजारमा आएको हो ।

गायक पुरीकै टिमले निर्माण गरेको ‘कुरा काट्ने मान्छेले काटुन’ले युट्युबमा ९१ लाख भ्युज पाएको छ ।



## रंगशाला

नेपाल टी-२० फ्रेन्चाइज लिग

# जनकपुर र पोखरा विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिगमा जनकपुर रोयल्स र पोखरा एभेन्जर्सले आ-आफ्ना खेलमा जित हात पारेका छन् ।

त्रिभुवन क्रिकेट मैदानमा शनिबार भएको खेलमा जनकपुरले विराटनगर सुपर किङ्सविरुद्ध ४९ रनको जित हासिल गरेको हो । १ सय ९० रनको लक्ष्य पछ्याएको विराटनगरले २० ओभरमा ७ विकेट गुमाएर १ सय ४० रन मात्र बनायो ।

विराटनगरका लागि हुसेन तलतले सर्वाधिक ४२ रन बनाउँदा प्रदिप सिंह ऐरीले अविजित ३६ रन बनाए । गौराशुं शर्मा ३३ रनमा आउट भए । कप्तान आन्द्र म्याकार्थीले १४ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउँन सकेनन् ।

जनकपुरका लागि शमिउल्लाह शिनवारीले ३ तथा ललित नारायण राजवंशीले २ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ८९ रन बनायो । जनकपुरको लागि समिउल्लाह शिनवारीले सर्वाधिक रन बनाए । उनले ४० बलमा ६ चौका र ६ छक्काको सहयोगमा रनमा ७८ अविजित रहे । यस्तै चाल्डिक वाल्टनले २९ रन बनाए । यस्तै सन्दिप जोरा २० रन, ट्राभिन ग्रेफिथले १९ रन बनाए । खडक बोहोरा १२ रनमा अविजित रहे ।

यता विराटनगरको लागि हुसेन तलत र सूर्य तामाङले समान २/२ विकेट लिए । नन्दन यादवले १ विकेट लिए । पाँच खेल खेलेर ४ जित हात पारेको जनकपुर ८ अंकका साथ अंक तालिकाको दोस्रो स्थानमा रहेको छ ।

पाँच खेल खेलेर दुई जित हात पारेको विराटनगर २ अंकका साथ अंक तालिकाको चौथो स्थानमा रहेको छ । यही संस्करणको पहिलो भेटमा जनकपुर ६ विकेटले विजयी भएको थियो ।

त्यस्तै पहिलो खेलमा लगातार दोस्रो जित हात पार्ने क्रममा पोखराले पाँच खेलसम्म अपराजित रहेको लुम्बिनी अल स्टारलाई ९ विकेटले पराजित गरेको हो । लुम्बिनीले दिएको १ सय २८ रनको लक्ष्य पोखराले १८.२ ओभरमा १ विकेट गुमाएर पुरा गर्यो । पोखरालाई जित दिलाउने क्रममा आरिफ शेख र आसिफ शेखले दोस्रो विकेटका लागि ९५ रनको साझेदारी गरेका थिए । आसिफ ६२ बलमा ७७ रनमा अविजित रहँदा आरिफले अविजित २६ रन बनाए । सुमित मर्हजन १३ रनमा आउट भए ।

लुम्बिनीका लागि किशोर महतोले १ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले १९.५ ओभरमा अलआउट हुँदै १ सय २७ रन बनायो ।

लुम्बिनीका लागि हरमित सिंहले ३८ तथा श्याड्ली भानले १६ रन बनामए । सुनिल धमला १५ रनमा आउट हँदा योगेन्द्र सिंह कार्कीले १३ रन बनाए । ह्यारी टेक्टर र कप्तान दीपेन्द्र सिंह ऐरीले समान १०/१० रन बनाए । पोखराका लागि विपिन खत्री र जाहिर खानले समान ३/३ तथा आरिफ शेख,तुल बहादुर थापा र सिद्धान्त लोहनीले समान १/१ विकेट लिए ।

पाँच खेलमा अपराजित रहेको लुम्बिनी छैठौं खेलमा आएर पराजित भएको छ । हारका बाबजुत पनि लुम्बिनी ६ खेलमा १० अंकका साथ अंक तालिकाको शीर्ष स्थानमा रहेको छ । सात खेल खेलेर दोस्रो जित हात पारेर ४ अंक सहित पोखरा अंक तालिकाको पाँचौ स्थानमा रहेको छ ।

यही संस्करणको पहिलो भेटमा लुम्बिनी ३ विकेटले विजयी भएको थियो ।

यस प्रतियोगिताको फाईनल खेल २७ गते हुनेछ । डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ । यस लिगको विजेताले ५५ लाख पाउने जनाएको छ ।

यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ ।

त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन् ।

इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ । प्रतियोगिताको हरेक दिन दुई खेल हुनेछ । पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको छ । यस लिगमा काठमाडौं नाइट,पोखरा एभेन्जर्स,फार वेस्ट युनाईटेड,जनकपुर रोयल्स,विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टार रहेका छन् ।

# प्रदिप र अभिलाषालाई माछापुच्छ्रे पोखरा ओपन टेनिस उपाधि

■ प्रभाव संवाददाता

**पोखरा–** १९ औं माछापुच्छ्रे बैंक पोखरा ओपन टेनिस सिंगल्सतर्फको उपाधि नेपालका नं १ टेनिस खेलाडीद्वय प्रदिप खड्का र अभिलाषा विष्टले जितेका छन् । कास्की जिल्ला टेनिस संघको आयोजना तथा माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनमा शनिबार सम्पन्न प्रतियोगिताको ओपन सिंगल्स मेन्स तर्फको उपाधि प्रदिप र उमेन्सतर्फ अभिलाषाले जितेका हुन् ।

शनिबार पोखरा रंगशालामा सम्पन्न मेन्स सिंगल्सतर्फको प्रतिष्पर्धात्मक खेलमा प्रदिपले प्रनभ खनाललाई २-१ ले जित्दै उपाधि जिते । खुट्टामा चोट बोकेका प्रदिपले पहिलो सेट ६-३ ले जित्दै प्रनभ माथी दबाव बनाउने प्रयास गरेका थिए । तर दोश्रो सेटमा प्रनभ खेलमा फर्किदैं १-६ ले जितेर प्रदिपलाई चुनौती पस्किएका थिए । सिंगल्सका उपाधि विजेता प्रदिप डबल्सतर्फको उपाधि बिजेता समेत हुन् । नेहाल जङ्ग बहादुर थापा र प्रदिपको जोडीले डबल्सतर्फ उपाधि जितेका थिए ।

अन्तिम सेटमा प्रदिपले ७-५ ले खेल जित्दै उपाधि सहित नगद ८० हजारका साथमा ट्रफी हात पारेका छन् । प्रदिप नवौं राष्ट्रिय खेलकुदका स्वर्ण पदक विजेता समेत हुन् । उपविजेता बन्न सफल प्रनभले नगद रु ४० हजार प्राप्त गरे । सेमीफाइनालिष्ट दुई रितिक राना र अकि जुवेन रावतले जनही नगद रु १०-१० हजारका साथमा प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिताका संयोजक तथा कास्की टेनिसका उपाध्यक्ष नविन चालिसेले जनाएका छन् ।

उमेन्सतर्फ नेपालकी नं १ टेनिस खेलाडी अभिलाष विष्टले उपाधि सहित नगद रु ८० हजारका साथमा ट्रफी हात पारेकी छन् । सम्पन्न फाइनलमा अभिलाषाले सर्भानी श्रेष्ठलाई ६-२, ६-४ को सोझो सेटमा पराजित गरिन् । उपविजेता बन्न सफल सर्भानीले नगद ४० हजारका साथमा ट्रफी हात पार्दा सेमीफाइनालिष्ट दुई खेलाडी सुनिरा थापा प्रकृती श्रेष्ठ तेश्रो हुँदै जनही नगद रु १०-१० हजार प्राप्त गरेका छन् । यस्तै ३५ वर्ष माथीको मेन्स भेट्रान्स सिंगल्सको उपाधि जितेन्द्र परियारले जितेका छन् । जितेन्द्रले कमल भण्डारीलाई ६-० र ७-५ को सोझो सेटमा पराजित गरी उपाधि जितेका हुन् । उपाधि सहित जितेन्द्रले नगद ६० हजार




हात पार्दा उपविजेता कमलले नगद ३० हजार प्राप्त गरेका छन् ।

४५ वर्ष माथी भेट्रान्स सिंगल्समा रोहित सुनुवार बिजयी भए । रोहितले बिमल गुरुङ विरुद्ध सुपर ट्राइ ब्रेकरमा फाइनलमा पराजित गरे । पहिलो सेट ६-४ ले जित्दै रोहितले आफ्नो पक्षमा पारे पनि दोश्रो सेट २-६ ले गुमाउन पुगे । अन्तिम सेटमा १०-४ ले जित्दै सो उमेर समुहको उपाधि सहित रोहितले नगद रु ४० हजार प्राप्त गर्दा बिमलले नगद २० हजार हात पार्न सफल भए ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीको उपाधि भने सौगात बिकले हात पारेका छन् । उनले १९ औं माछापुच्छ्रे बैंक पोखरा ओपनतर्फ सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै प्रतियोगिताको ‘मष्ट प्रोमिजिङ प्लेयर अफ द टुर्नामेण्ट’को उपाधि सहित करिव ३५ हजार पर्ने साइकल प्राप्त गरेका छन् । बिजेता खेलाडीहरूलाई माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष रोशन केसी, केसी ग्रूपका प्रवन्ध निर्देशक किरण केसी, नेपाल टेनिस संघका उपाध्यक्ष बिनोद कायस्थ, राजु श्रेष्ठलगायतले ट्रफी, नगद र प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष रोशन केसीले केसी ग्रुपले पोखराको खेलकुद र शिक्षाको क्षेत्रको विकासका लागि सहयोग गरिरहेको बताए ।



**नयाँ वर्षको उत्सव** | रुसको मस्कोमा नयाँ वर्षका लागि सजाइएको स्थानमा तस्बिर लिँदै मानिसहरू । *तस्बिरः सिन्हुवा*

# क्रोएसियालाई सीमाविहीन युरोप समूहको मान्यता

**जाग्रेब-** क्रोएसिया शनिबार रातिदेखि युरोपको राहदानीमुक्त क्षेत्रमा प्रवेश गर्दै छ । लगभग एक दशकअघि इयूमा सामेल भएपछि क्रोएसियाका लागि युरोपमा पासपोर्टविना यात्रा गर्न पाइने अवसर र युरोपको संयुक्त मुद्रा युरो कारोबार गर्न पाउनु तत्काल यसका लागि दुई प्रमुख लाभ हुने छन् ।

स्थानीय समयानुसार शनिबार ११ बजे बाल्कन राष्ट्रले आफ्नो कुना मुद्रा प्रयोगलाई अन्त्य गर्नेछ र युरो क्षेत्रको २० औं सदस्य बन्नेछ । यो विश्वको सबैभन्दा ठूलो पासपोर्टमुक्त सेन्जेन क्षेत्रको २७ औं राष्ट्र पनि हुनेछ । यसले ४० करोडभन्दा बढी आफ्ना नागरिकलाई आफ्ना सदस्यहरूको वरिपरि स्वतन्त्ररूपमा हिँडडुल गर्न सक्षम बनाउनेछ ।

रुसले युक्रेनमाथि गरेको आक्रमणले खाद्यान्न र इन्धनको मूल्य नियन्त्रणभन्दा बाहिर गएपछि विश्वव्यापी मुद्रास्फीति बढिरहेको बेला युरोको प्रयोगले क्रोएसियाको अर्थतन्त्रलाई जोगाउन मद्दत पुग्ने विज्ञहरूले बताएका छन् । तर, यसबारे क्रोएसियालीबीचको भावना मिश्रित छ । उनीहरू सीमा नियन्त्रणको अन्त्यको स्वागत गरेका छन् तर केहीले युरोको सुरूआतको बारेमा चिन्ता गरेका छन् । क्रोएसियाको दक्षिणपन्थी विपक्षी समूहले यसले जर्मनी र फ्रान्सजस्ता ठूला देशहरूलाई मात्र फाइदा पुऱ्याउने तर्क राख्दै आएका छन् ।

जाग्रेबका ६३ वर्षीय निवृत्तिभरण बुझ्दै आएका ड्राजेन गोलेमाकले भने, 'हामी हाम्रो मुद्रा (कुना)को प्रयोगको अन्त्यका कारण पछुताउनु पर्नेछ । किनकि, युरोको प्रयोगले देशमा मूल्यवृद्धि निम्त्याउनेछ । यद्यपि, उनकी पत्नी सान्ड्राले 'युरो बढी मूल्यवान छ' भन्दै आफ्ना पतिको भनाइप्रति तत्काल असहमति जनाइन् ।

'जनवरी १ मा केही पनि परिवर्तन हुँदैन, सबै दुई दशकका लागि युरोमा गणना गरिन्छ,' क्रोएसियाली कर सेवाका कर्मचारी नेभेन बेनिकले भने । अधिकारीहरूले युरोजोन र सेन्जेनमा सामेल हुने निर्णयको बचाऊ गरेका छन् । त्यस्तै, प्रधानमन्त्री आन्द्रेज प्लेन्कोभिकले बुधबार भने, 'बृहत् इयू एकीकरणका दुई रणनीतिक लक्ष्यहरू थिए ।'



### "स्थिरता र सुरक्षा"

सन् १९९० को दशकमा ३९ लाख जनसंख्या भएको युगोस्लाभियाली गणतन्त्र क्रोएसिया सन् २०१३ मा युरोपेली संघमा सामेल भएको थियो । युरो पहिलेदेखि नै क्रोएसियामा धेरै हदसम्म प्रचलनमा रहेको छ । करिब ८० प्रतिशत बैंक डिपोजिट युरोमा अंकित छ र जाग्रेबका मुख्य व्यापारिक साझेदारहरू युरो क्षेत्रमा रहेका छन् ।

स्थानीय मुद्रामा विश्वासको कमी देखाउँदै क्रोएसियालीहरूले लामो समयदेखि आफ्नो कार र अपार्टमेन्टहरूजस्ता सबैभन्दा मूल्यवान सम्पत्तिहरू युरोमा मुल्यांकन हुँदा मूल्यवान हुने बताएका छन् ।

'निश्चितरूपमा युरोले (आर्थिक) स्थिरता र सुरक्षा ल्याउँछ,' क्रोएसियाको राष्ट्रिय बैंक (एचएनबी)की एना साबिकले एएफपीसँग भनिन् । विज्ञहरूका अनुसार युरोको प्रयोगले आर्थिक कठिनाइका बीच ऋणको अवस्था घट्नेछ । क्रोएसियाको मुद्रास्फीति दर नोभेम्बरमा १३.५ प्रतिशत पुगेको छ भने युरो क्षेत्रमा मुद्रास्फीति १० प्रतिशत पुगेको छ । पोल्याण्ड वा हंगेरीजस्ता युरोक्षेत्रबाहिरका मुद्रा भएका पूर्वी युरोपेली संघका सदस्य राष्ट्रहरू बढ्दो मुद्रास्फीतिको चपेटामा परेको विश्लेषकहरू बताउँछन् ।

### युरोपको सीमारहित क्षेत्रमा समावेश

सेन्जेन सीमारहित क्षेत्रमा क्रोएसियाको प्रवेशले एड्रियाटिक राष्ट्रको प्रमुख पर्यटन उद्योगलाई पनि बढावा दिनेछ, जसले यसको कूल गार्हस्थ उत्पादनको २० प्रतिशत हिस्सा ओगटेको छ ।

युरोपेली संघका सदस्य राष्ट्र स्लोभेनिया र हंगेरीसँग ७३ वटा स्थल सीमानाकामा लामो लाइन लाग्नु क्रोएसियाका लागि इतिहास बन्नेछ । प्राविधिक समस्याका कारण विमानस्थलमा मार्च २६ मा मात्र सीमा जाँच सकिँदै छ । क्रोएसियाले युरोपेली संघबाहिरका छिमेकी बोस्निया, मोन्टेनेग्रो र सर्बियासँगको पूर्वी सीमामा अझै कडा सीमा जाँच लागू गर्नेछ ।

क्रोएसियाको यो प्रवेशसँगै एक हजार ३५० किलोमिटर (करिब ८४० माइल) मा रहेको इयूको सबैभन्दा लामो बाह्य सीमाको रक्षाका लागि अवैध आप्रवासनविरुद्धको लडाइँ मुख्य चुनौती बनेको छ । *रासस/एएफपी*

# खाडी क्षेत्रको एक तिहाइ जनसंख्या गरिबीको चपेटामा



**बेरूत-** अरब क्षेत्रको एक तिहाइ अर्थात् १३ करोड जनसंख्या गरिबीको रेखामुनि रहेको अध्ययनले देखाएको छ । संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (इएससिडब्ल्युए)ले शुक्रबार सार्वजनिक गरेको एक सर्वेक्षणले खाडी सहयोग परिषद् (जिसिसी) सदस्य राष्ट्र र लिबियाबाहेक अरब क्षेत्रको एक तिहाइ जनसंख्या गरिबीबाट प्रभावित गरेको जनाएको छ ।

'अरब क्षेत्रमा आर्थिक र सामाजिक विकासको सर्वेक्षण' नाम दिइएको उक्त प्रतिवेदनमा भनिएको छ, 'राष्ट्रिय गरिबीको रेखामा मापन गरिएको गरिबीले अरब मुलुकका १३ करोड मानिसलाई असर गरेको छ । सर्वेक्षणले आगामी दुई वर्षमा गरिबीको स्तर अझ बढ्ने र सन् २०२४ सम्ममा ३६ प्रतिशत जनसंख्यामा पुग्ने अपेक्षा गरेको छ ।

यसबाहेक, अरब क्षेत्रमा सन् २०२२ मा विश्वको सबैभन्दा उच्च बेरोजगारी दर १२ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ । कोभिड-१९ पछिको आर्थिक पुनरूत्थान प्रयासका कारण सन् २०२३ मा ११.७ प्रतिशतमा झरेको छ । सन् २०२३ मा यस क्षेत्रको आर्थिक वृद्धिदर ४.५ प्रतिशत र सन् २०२४ मा ३.४ प्रतिशत रहने अनुमान गरिएको छ ।

सर्वेक्षणका प्रमुख लेखक अहमद मौम्मीले जिसिसी र अन्य तेल निर्यातक देशहरूले उच्च ऊर्जा मूल्यबाट लाभ उठाउन जारी राख्ने बताएका छन् । तेल आयात गर्ने देशहरूले बढ्दो ऊर्जा लागत, खाद्य आपूर्तिको कमी र पर्यटन तथा अन्तर िष्ट्रिय सहायता प्रवाह दुवैमा गिरावटसहित धेरै सामाजिक आर्थिक चुनौतीहरूको सामना गर्ने छन् ।

मौम्मीले तेल निर्यात गर्ने अरब देशहरूले समावेशी वृद्धि र दिगो विकास सिर्जना गर्ने परियोजनाहरूमा लगानी गरेर ऊर्जा क्षेत्रबाट टाढा आफ्नो अर्थव्यवस्थालाई विविधीकरण गर्नुपर्ने उल्लेख गरे । *रासस/सिन्ह्वा*

## मेक्सिमा सडक दुर्घटना, १५ जनाको मृत्यु

**मेक्सिको सिटी-** मेक्सिकोको पश्चिमी क्षेत्रमा शुक्रबार बस दुर्घटना हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् । मध्य राज्य ग्वानजुआटोको लियोन सहर फर्कनेक्रममा नायरिट राज्यमा उक्त दुर्घटना भएको अधिकारीहरूले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

'घटनामा अहिलेसम्म १५ जनाको मृत्यु भइसकेको छ भने थप एक दर्जन घाइते भएका छन्,' नायरिट राज्यको स्थानीय सरकारद्वारा जारी विज्ञप्तिमा भनिएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार बसमा ४८ जना यात्रु सवार थिए ।

अधिकारीहरूले सामाजिक सञ्जालमा सेअर गरेको तस्बिरमा बस सडक छेउमा पल्टिएको देखिएको छ । अधिकारीहरूले घटनाको कारणबारे अनुसन्धान भइरहेको बताएका छन् । *रासस/सिन्ह्वा*

## म्यान्माली शरणार्थीको सुरक्षाका लागि पहल गर्न आह्वान

**जेनेभा-** संयुक्त राष्ट्रसंघीय मानवअधिकार प्रमुख भोल्कर तुर्कले जोखिमपूर्ण समुद्री यात्रा गरेर आफ्नो ज्यान जोखिममा राखेर जीवन जोखिममा परेका हजारौं रोहिंग्याको सुरक्षाका लागि समन्वयात्मक क्षेत्रीय दृष्टिकोण अपनाउन आह्वान गरेका छन् ।

उनले भने, 'सन् २०२२ मा मात्रै दुई हजार ४०० भन्दा बढी रोहिंग्याले बंगलादेश र म्यान्मार छोड्न खोजेका छन् । उनीहरूमध्ये २०० भन्दा बढीले बाटोमै ज्यान गुमाएकोमा म अत्यन्त दुःखी छु ।'

'हालैका रिपोर्टहरूले रोहिंग्याहरूलाई बोक्ने भीडभाड र असुरक्षित डुंगाहरू कुनै पनि सहायताविना नै धेरै दिनसम्म चल्न छोडेको संकेत गर्दछ,' तुर्कद्वारा उच्चायुक्तको संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयमार्फत जारी एक विज्ञप्तिमा भनेका छन्, 'समुद्रमा संकट जारी रहँदा म यस क्षेत्रका देशहरूलाई सक्रिय खोजी र उद्धार, रोहिंग्या शरणार्थीहरूलाई उनीहरूको भूमिमा अवतरण र उनीहरूको प्रभावकारी सुरक्षा सुनिश्चित गर्न समन्वय संयन्त्र स्थापना गर्न आग्रह गर्दछु ।' उनले यस अभियानमा केही राज्यहरूले पहिले नै सहयोग प्रदान गरिसकेका बताए ।

मानवअधिकार उच्चायुक्तले सन् २०१७ देखि बंगलादेशमा सुरक्षाको माग गरिरहेका १० लाखभन्दा बढी रोहिंग्या शरणार्थीलाई सहयोग गर्न यस क्षेत्र र विश्वका देशहरूलाई आह्वान गरेको छ । उनले भने, 'म्यान्मारको पूर्ण र समान नागरिकको रूपमा उनीहरूको मर्यादा र मानवअधिकारको पूर्ण सम्मानका साथ सबै रोहिंग्यालाई स्वेच्छिक रूपमा स्वदेश फर्काउनका लागि तत्काल समाधान खोज्नुपर्छ ।'

संयुक्त राष्ट्रसंघका अनुसार रिपोर्टिङ अवधिमा म्यान्मारभित्र अनुमानित १४ लाख ७३ हजार आन्तरिकरूपमा विस्थापित नागरिक रहेका छन्, जसमध्ये ११ लाख ४३ हजार मानिस सन् २०२१ को फेब्रुअरी १ पछि विस्थापित भएका हुन् । *रासस/सिन्ह्वा*

# ब्राजिलका राष्ट्रपति विदेश पलायन

**ब्रासिलिया-** ब्राजिलका निवर्तमान राष्ट्रपति जायर बोल्सोनारोले आफ्नो उत्तराधिकारीको शपथ लिनुभन्दा दुई दिनअघि र आफ्ना अनुयायीहरूलाई रुँदै बिदाइ गरेको केही समयपछि शुक्रबार अमेरिका पलायन भएका छन् ।

उनले आफ्नो चुनावी हार स्वीकारेका छैनन् । उनले स्थानीय समयअनुसार अपराह्न २:०० बजे वायु सेनाको विमानबाट अमेरिकाको फ्लोरिडाका लागि प्रस्थान गरेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन् । सिएनएन ब्राजिलले बोल्सोनारोलाई उद्धृत गर्दै भनेको छ, 'म उडिरहेको छु, म चाँडै फर्कनेछु ।'



'एभिएसन टर्ऱ्याकिङ वेबसाइट फ्लाइटअवेयर'का अनुसार उहाँको विमान स्थानीय समयअनुसार शनिबार राति ९ बजेपछि ओर्लान्डोमा अवतरण गरेको थियो । यसको अर्थ उनले आइतबारको शपथ ग्रहण समारोहमा भाग लिने छैनन् अर्थात् उनले नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भालाई पदभार हस्तान्तरण गर्ने छैनन् ।

बोल्सोनारो प्राविधिकरूपमा थप दुई दिनका लागि राष्ट्रपति भने रहिरहने छन् । आरएनआर टेलिभिजनका अनुसार उनको कार्यकालमा उपराष्ट्रपति रहेका ह्यामिल्टन मौराओ अहिले कार्यवाहक राष्ट्रपति रहेका छन् । उनले शनिबार देशवासीका नाममा सम्बोधन गरेका छन् ।

बोल्सोनारोको भ्रमणको समय र उद्देश्यबारे एएफपीले सोधेको प्रश्नको जवाफ राष्ट्रपतिले दिन चाहेनन् । यसअघि शुक्रबार बोल्सोनारोले सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण भएको एक सम्बोधनमा आफ्ना समर्थकलाई 'जनवरी १ मा लुलाले राष्ट्रपतिको कार्यभार सम्हाल्दा संसारको अन्त्य हुने छैन' भनेका थिए ।

उनले भने, 'हाम्रो भविष्य राम्रो छ । अहिलेलाई युद्ध हारेको जस्तो भएको छ, तर हामी युद्ध हार्ने छैनौं ।' *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०१४०० | प्रति तोला - १००९०० | प्रति तोला - १३९५ |

# अपर अरुण आयोजनाको मुआब्जा वितरण सुरु

■ प्रभाव संवाददाता

**संखुवाभसा–** संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुन लागेको अपर अरुण आयोजनाको प्रभावित क्षेत्रका स्थानीयलाई मुआब्जा गर्न सुरु गरिएको छ । अप्पर अरुण आयोजनाले भोटखोला गाउँपालिका-२, ४ र ५ साबिक चेपुवा, हटिया तथा पावाखोलाका आयोजना प्रभावित स्थानीयलाई मुआब्जा वितरण गर्न सुरु गरिएको अप्पर अरुण आयोजनाका वरिष्ठ सहायक गृष्म भण्डारीले जानकारी दिए ।

अप्पर अरुण आयोजनाका लागि भोटखोलामा दुई हजार पाँच सय रोपनी जग्गा अधिग्रहण गरिएको छ । एक हजार ६१ मेगावाट जलविद्युत् उत्पादन क्षमताको अप्पर अरुण आयोजना नेपाल सरकारले नै बनाउने गरी निर्माण अघि बढाइएको




छ । आयोजनाले प्रभावित क्षेत्रका तीन सय ३५ घरपरिवारलाई मुआब्जा वितरण गरिने आयोजनाका वरिष्ठ सहायक भण्डारीले बताए । उनका अनुसार हालसम्म भोटखोला-२ हटियाका १५ घरपरिवारलाई करिब रु साढे चार करोड मुआब्जा वितरण गरिसकिएको छ ।

उत्तर दक्षिण कोसी राजमार्गले छोएको तथा बस्ती रहेको हटिया-६ को जमिन प्रतिरोपनी रु १५ लाख मुआब्जा निर्धारण गरिएको छ । कोसी राजमार्गले छोएको तर बस्ती नभएका हटिया-६ को जग्गा प्रतिरोपनी रु १० लाख निर्धारण गरिएको छ । जग्गा प्राप्ति ऐन २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिको बैठकले सो मूल्य निर्धारण गरेको हो ।

त्यस्तै हटिया-८, ९ र चेपुवा-१ को अलैंची बालीसहितको जग्गा प्रतिरोपनी रु नौ लाख ५० हजार र चेपुवा-१, हटिया-८ तथा ९, पावाखोला-३ का अलैंची बाली नभएको पाखा बारीको प्रतिरोपनी रु सात लाख कायम गरिएको थियो ।

आयोजना निर्माणको कार्य दुई वर्षपछिदेखि सुरु हुने भएको छ। आयोजनाको सम्पूर्ण संरचना भोटखोलाको वडा नं २ र ४ मा हुनेछ। सरकारको स्वामित्व रहेको अपर अरुण हाइड्रो इलेक्ट्रिक लिमिटेडले उक्त जलविद्युत् आयोजना बनाउन लागेको हो । जलविद्युत् आयोजनाको अनुमानित लागत रु दुई खर्बभन्दा बढी छ । सन् २०२४ को मध्यदेखि जलविद्युत् आयोजनाको निर्माण सुरु हुनेछ। हाइड्रोपावर निर्माण सुरु भएको छ वर्षभित्रमा सम्पन्न गर्ने योजना छ ।

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन आज

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरा क्षेत्रीय अन्तरार्ष्ट्रिय विमानस्थलको उद्घाटन आज (आइतबार) गरिने भएको छ । प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले देशकै प्रमुख पर्यटकीय गन्तव्य पोखरामा निर्माण भएको विमानस्थलको देश बाहिरसमेत सन्देश दिनका लागि अङ्ग्रेजी नयाँवर्षका अवसरमा उद्घाटन गर्न लागिएको हो ।

पोखरा महानगरपालिकाले विमानस्थल उद्घाटन समारोहको सम्पूर्ण तयारी सकिएको जनाएको छ । उद्घाटन समारोहमा जनसहभागिता, प्रचारप्रसार र 'सेलिब्रेशन'को जिम्मा महानगरले लिएको छ । समारोहमा जनसहभागिता गराइने महानगर प्रमुख धनराज आचार्यले जानकारी दिए । प्रचारप्रसारका लागि सहरका विभिन्न स्थानमा स्वागत गेट राखिएका छन् । महानगर प्रमुख आचार्यले भने, 'विमानस्थल निर्माण सम्पन्न भएर उद्घाटन समारोह पोखराका लागि उत्सव हो । पोखरेलीको साथ र सहयोगबाट लामो प्रतिक्षापछि निर्माण भएको विमानस्थलको उद्घाटन समारोहलाई भव्य बनाउने छौँ, बेलुका घरघरमा दीपावली गर्नका लागि महानगरवासीमा आग्रह गरेका छौँ ।'

पोखरा महानगरपालिकाले विमानस्थल उद्घाटनअघि पोखराको अमरसिंहचौरबाट विभिन्न जातजातिको झाँकी, मौलिक वेषभूषासहितको र्‍यालीको आयोजना गरिने जनाएको छ । त्यसैगरी विमानस्थलका परिकल्पनाकार तत्कालीन गण्डकी अञ्चलका अञ्चलाधीश शङ्करराज पाठकलाई रथारोहणसहित नागरिक अभिनन्दन गरिने महानगर प्रमुख आचार्यले बताए । अर्का परिकल्पनाकार इञ्जिनीयर पदमबहादुर खत्री देश बाहिर रहेकाले उपस्थित गराउन नसकेको र उनीहरूलाई महानगरकोतर्फबाट नागरिक अभिनन्दन गरिने महानगर प्रमुख आचार्यले बताए ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उ•यन कार्यालयका निर्देशक विक्रम गौतमले विमानस्थल उद्घाटन कार्यक्रमलाई भव्य बनाउन महानगरले अपनत्व लिएकोमा पोखरा विमानस्थलले पोखराको मात्र नभई देशकै समुन्नतिको ढोको खोल्ने बताए ।

निर्देशक गौतमका अनुसार विभिन्न वायुसेवा कम्पनीले अन्तरार्ष्ट्रिय उडानका लागि चासो दिएको बताए। अन्तर्राष्ट्रिय उडानका लागि केही समय लाग्ने उनको भनाइ छ। अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १८ घण्टासम्म सञ्चालनको लक्ष्य राखिएको पनि जनाइएको थियो ।

निर्देशक गौतमले भने, 'कति 'विजेनश' प्राप्त हुन्छ त्यसका आधारमा विमानस्थल सञ्चालन गर्ने हो । हामी सन् २०२३ फेब्रुअरीदेखि दैनिक १८ घण्टासम्म सञ्चालन गर्न सकिन्छ भन्नेमा छौं ।' नेपालको निजी विमान सञ्चालक कम्पनी बुद्ध एयरले विमानस्थल उद्घाटनका दिनमा भारतको बनारससम्म उडानका लागि देशभित्र सबै प्रक्रिया पूरा गरे पनि भारतबाट अनुमति प्राप्त नभएकोले आज उडान नगर्ने गौतमले जनाए । मित्रराष्ट्र चीनको एक्जिम बैंकको रु २२ अर्ब सहुलियतपूर्ण ऋण र अनुदान सहयोगमा विमानस्थल निर्माण गरिएको हो । सो रकममध्ये २५ प्रतिशत रकमको ब्याज नलाग्ने र बाँकीको वार्षिक दुई प्रतिशतले ब्याज रकम भुक्तानी गनुपर्ने पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्राधिकरणले जनाएको छ। विसं २०३२ मा विमानस्थलका लागि भनेर पहिलोपटक तीन हजार १०० रोपनी जमिन अधिग्रहण गरिएको थियो ।

## महानगरमा आज बिदा

पोखरामा नवनिर्मित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनका अवसरमा आइतबार पोखरा महानगरपालिकामा बिदा दिइएको छ । महानगरले निजी क्षेत्रलाई बिदा दिएर उत्सवमा सहभागी हुन आग्रह गर्दै साँझ घरघरमा दीपावली गर्नका लागि महानगरवासीमा अनुरोध गरेको छ । विमानस्थल उद्घाटन अघि महानगरले बिहान अमरसिंहचौरबाट विभिन्न जातजातिको झाँकी, मौलिक वेषभूषासहितको र्‍यालीको आयोजना गरिने जनाएको छ ।

## कर्पोरेट

### अल्कामा स्वास्थ्य शिविर

**ललितपुर (प्रस)–** अल्का अस्पतालले यही पुष १८ गतेदेखि निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्ने भएको छ । जावलाखेलमा रहेको अल्का अस्पतालले १८ गतेदेखि २२ गतेसम्म निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्न लागिएको प्रशासन प्रमुख भगवान केसीले जानकारी दिए ।

अस्पताल परिसरमा हुने निःशुल्क स्वास्थ्य शिविरमा आइभिएफ, मधुमेह तथा न्युरो साइकियाट्रिक विशेषज्ञबाट स्वास्थ्य जाँच गरिने उनले बताए । शिविरमा स्वास्थ्य जाँच गरिएकाहरूलाई चिकित्सकको सिफारिस अनुसार निःशुल्क ल्याव जाँच र औषधि वितरण पनि गरिने अस्पतालले जनाएको छ । शिविरमा सहभागी इच्छुकलाई आइभिएफमा १ लाख छुटको व्यवस्था मिलाइएको छ । त्यस्तै एमआरआइ र सिटी स्क्यान पनि निःशुल्क गरिने अस्पताल प्रशासनले जनाएको छ । शिविरमा सहभागीहरूले एक महिनासम्म फलो अप गर्दा पनि कुनै शुल्क लाग्ने छैन ।

अल्का अस्पताल प्रा. लि.
Alka Hospital (P). Ltd.
"We care to cure"
(ISO 9001:2015 Certified)

अल्का अस्पतालले यसअघि लमजुङ्ग, मकवानपुर, काभ्रे लगायतका दर्जनौ जिल्लाहरूमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिसकेको छ । अल्का अस्पताल २०६२ साल फागुन ३ गतेदेखि संचालनमा आएको हो । 'बिरामीहरूको उपचार राम्रा हामी ख्याल गर्छौ' भन्ने स्लोगनसहित कुमार थापाले अल्का अस्पताल सञ्चालन गरेका हुन् । अल्का अस्पतालमा सय शैया छ । अस्पतालले केही समय अघि अल्का आइभिएफ सेन्टर र डाइबेटिज सेन्टरको स्तरउन्नती गरेको थियो । अल्का अस्पतालले उपचारमा भित्रिएका नयाँ नयाँ प्रविधिहरू भित्र्याएर बिरामीहरूलाई सेवा दिदैं आइरहेको छ ।

अल्का अस्पतालमा सुविधा सम्पन्न एनआइसियु कक्ष रहेको छ । यसका साथै टेष्ट ट्युव बेबी सेवा, प्रसुति तथा महिला रोग सेवा, डाइबेटिज, बालरोग, मुटु रोग, तथा यसका सम्पुर्ण परीक्षण पनि अस्पतालमा हुदैं आएको छ । नशा सम्बन्धि, बाथ रोग सम्बन्धि, यौन तथा छालारोग सम्बन्धि, ग्यास्ट्रोलोजि, रेडियोलोजी, आँखा, नाक, कान घाँटी, दाँत रोग, युरोलोजिष्ट, कलेजोरोग, एनेस्थेसिया लगायतका विशेषज्ञहरूबाट अस्पतालले बिरामीहरूलाई सेवा दिने सेवामा पनि अल्का अगाडी छ ।

### आविष्कार केन्द्रलाई युएन कलेजको सहयोग




**काठमाडौं (प्रस)–** सुनसरीको धरान उपमहानगरपालिका १६ मा बिगत १० बर्षदेखि सञ्चालन हुँदै आएको नवोदय प्लस टु युएन कलेजले राष्ट्रिय आविष्कार केन्द्रलाई आर्थिक सहयोग गरेको छ । युएन कलेज बिज्ञान संकायका ११ र १२ कक्षामा अध्यनरत ५० जना बिद्यार्थीको नेतृत्व गरी शुक्रबार कलेजको तर्फबाट कलेजका प्राध्यापक तथा युएन नवोदय हेल्पिङ हचान्डका संयोजक रामबहादुर लिम्बूले आविष्कार केन्द्रमै पुगेर केन्द्रका अध्यक्ष डा.महावीर पुनलाई आर्थिक सहयोग रकम हस्तान्तरण गरेका हुन् ।

युएन कलेजका कलेज प्राध्यापक तथा युएन नवोदय हेल्पिङ हचान्डका संयोजक राम बहादुर लिम्बू, बिज्ञान संकायका कोअर्डिनेटर आकाश अधिकारीलगायत ५० बिद्यार्थीहरूलाई आविष्कार केन्द्रका प्रविन बोहरा र सौरबसिंह चौधरीले केन्द्रले गरिरहेको कामको बारेमा जानकारी दिनुका साथै केन्द्रको अवलोकन भ्रमण समेत गराएका थिए ।

कलेलका बिद्यार्थी दिपेन भण्डारी, सेबिका राई, सुसान जिसी असु लिम्बूलगायतले आविष्कार केन्द्रको बारेमा विभिन्न प्रश्नहरू गरेका थिए । सो प्रश्नको जवाफ दिदै कन्द्रका अध्यक्ष महावीर पुनले आविष्कार केन्द्रलाई सघाउन नागरिक स्तरबाट स्वतःस्फूर्त रूपमा आर्थिक सहयोग जुटेको बताउँदै वैज्ञानिक खोज अनुसन्धान गर्न र नेपाली जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरेको बताए ।

बिधार्थीसँगको अन्तरक्रियामा केन्द्रका अध्यक्ष डा.महावीर पुनले विभिन्न वस्तुको आविष्कार गरेर उत्पादन बढाउनुपर्ने र त्यसबाट नै आर्थिक समृद्धि हासिल गर्न सकिनेमा जोड दिदै नेपालमा आविष्कारलाई प्रोत्साहन गर्न र नयाँ आविष्कारका लागि नविन सोच र योजना भएकाहरूलाई काम गर्ने ठाउँका साथै पुँजी, प्रविधि र प्रोत्साहन दिने काम आविष्कार केन्द्रले गर्ने बताए । उनले भने कसैसँग नवीन सोच छ र त्यसलाई उपयोग गरेर नयाँ वस्तुको आविष्कार गर्न सकिन्छ भने उनलाई आवश्यक सहयोग राष्ट्रिय आविष्कार केन्द्रले उपलब्ध गराउने बताए । आविष्कारले आर्थिक विकास गराउने र त्यसैले रोजगारी सिर्जना पनि गर्ने भएकाले आविष्कार कुनै पनि देश समृद्धिको महत्वपूर्ण आधार भएको उनले बताए । कुनै पनि चिजको प्रोटोटाइप बनाउन सहयोग गर्छौं । प्रोटोटाइपले राम्रोसँग काम गऱ्यो भने त्यसलाई बजारमा लैजान सकिने गरी कमर्सियल प्रोडक्ट बनाउन पनि आविस्कार केन्द्रले नै सहयोग गरिरहेको बिर्थीहरूलाई बताए ।

बिधार्थीहरूले साधेको प्रश्नको जबाफ दिदै पुनले भने इनोभेसन गर्नेहरू देशका लागि बहुमुल्य पुँजी भएकाले उनीहरूलाई प्रोत्साहन गर्नुपर्ने बताए । राष्ट्रिय आविष्कार केन्द्रले अहिलेसम्म गरेका सबै काम जनताले स्वेच्छिक रूपमा गरेको आर्थिक सहयोगबाट नै सम्पन्न भएको बताए ।

### दूधको मूल्य बढाएकोमा राष्ट्रिय उपभोक्ता मञ्चको आपत्ति

**काठमाडौं, (प्रस)–** दैनिक अत्यावश्यक वस्तुको रूपमा रहेको दूध तथा दूग्धजन्य पदार्थको एकतर्फी रूपमा मूल्यवृद्धि गरेकोले डेरी एशोसिएसनलगायत डेरी उद्योगमाथि कारबाहीको माग गर्दै राष्ट्रिय उपभोक्ता मञ्चले आपत्ति जनाएको छ । शनिबारदेखि लागू हुने गरी नेपाल डेरी उद्योग संघ र यससँग आबद्ध डेरी उद्योगहरूले प्रति लिटर रु.१४ बढाउने निर्णय गरेकोले मञ्चले एक विज्ञप्ति निकाल्दै आपत्ति जनाएको हो ।

यसअघि अघिल्लो वर्ष रु. ६० प्रति लिटरबाट बढाएर ८६ रूपैयां गरेको एक बर्ष पनि नपुग्दै प्रति लिटरमा नै १४ रूपैयां बढाउने निजी क्षेत्रको यो दुष्कार्य राष्ट्रिय दुग्ध ऐन र नीति नियम बिपरित भएको व्यहोरा अनुरोध गर्दै एक पटक मूल्य बढाएको मितिले कम्तिमा दुई बर्ष मूल्यबृध्दि गर्न नपाउने नियम निजी क्षेत्रले उल्लंघन गरेको पनि मञ्चले जनाएको छ। राष्ट्रिय दूग्ध उत्पादक सहकारी संघ, राष्ट्रिय दुग्ध बिकास बोर्ड तथा अन्य सरोकारवाला निकायहरूलाई कुनै जानकारी नै नदिई एक्कासी नेपाल डेरी उद्योग संघले केही सिमित दुग्ध उद्योगहरूको स्वार्थको लागी प्रति लिटर रु. १०० उपभोक्ता मूल्य कायम गर्ने कार्य गैरकानूनी भएको हुँदा नेपाल सरकारको ध्यान गम्भिररूपमा आकर्षित गर्दै डेरी उद्योग तथा नेपाल डेरी उद्योग संघबाट गरेको मूल्यबृध्दि तत्काल फिर्ता लिन लगाउन र गैरकानूनी कार्य गरेकोमा आवश्यक कानूनी कारवाही समेत माग गरेको छ ।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ